वर्ष : १३, अंक : ५१, काठमाडौं, २०७४ चैत ३० गते शुक्रबार 13 April 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh




## ठाकुर दिल्लीमा

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको तीनदिने भारतको राजकीय भ्रमण सकेलगत्तै राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुर नयाँदिल्ली पुगेका छन् । संयोजक ठाकुर स्वास्थ्य जाँचका लागि मंगलबार नयाँदिल्ली प्रस्थान गरेको राजपानिकट स्रोतले जनाएको छ । यसअघि सोमबार राजपाका नेता महेन्द्र राय यादव दिल्ली पुगेका थिए । स्रोतका अनुसार राजपा नेपालका संयोजक ठाकुर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अनौपचारिक निम्तोमा दिल्ली प्रस्थान गरेका छन् । यसबारे राजपाका नेता डा. सुरेन्द्र झासँग जिज्ञासा राख्दा उनले संयोजक ठाकुरको स्वास्थ्य जाँचका लागि नै दिल्ली प्रस्थान गरेको दाबी गरेका छन् । 'खासमा संयोजक ठाकुरको भ्रमणको उद्देश्य स्वास्थ्य जाँच नै रहेको छ, तर त्यहाँ उच्चस्तरीय राजनीतिक भेटघाट हुनु अस्वाभाविक होइन । भारतीय प्रधानमन्त्री मोदी लगायत अन्य नेताहरूसँग पनि भेटघाट हुनसक्छ,' नेता झाले मधेशवाणीलाई भने । झाका अनुसार ठाकुर करिब एकसाता दिल्लीमा रहनेका छन् । सो एकसाता लामो बसाईको क्रममा उनले सत्ता पक्ष तथा विपक्षी दलका नेताहरूसँग भेटघाट र दुई पक्षीय सम्बन्धका बारे छलफल हुनसक्ने उनले बताए ।

## राजन मुक्तिलाई जन्मकैद

काठमाडौं । जनतान्त्रिक तराई मुक्त मोर्चाका अध्यक्ष रंजित झा भनिने राजन मुक्तिलाई जिल्ला अदालत धनुषाले जन्मकैदको सजाय सुनाएको छ । जिल्ला अदालत धनुषाका मुख्य न्यायाधीश राधाकृष्ण उप्रेतीको इजलासले मुक्ति संलग्न छुटट्टाछुट्टै चार वटा मुद्दामा फैसला सुनाएको छ । जसमध्ये तीन वटामा जन्म कैदको सजाय सुनाएको छ । कृष्णराज सिंहको जाहेरीमा सरकार वादी रहेको अपहरण तथा कर्तव्य ज्यान मुद्दामा जन्म कैदको सजय सुनाएको हो । तराईमा विभिन्न हिंसात्मक गतिविधि संचालन गर्दै आएको राजन मुक्तिलाई भारतको पटनाबाट पक्राउ गरिएको थियो । उनीमाथि धनुषा, महोत्तरी, सिरहा र सप्तरीमा विभिन्न हिंसात्मक गतिविधि गरेको मुद्दा छन् ।

## वर्ष २०७४ मा मधेश

# सुखद् रहेन मधेशको यात्रा

**मधेशवाणी डेस्क**

काठमाडौं । यसैवर्षको असोज २ गते भएको स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा सहभागी भएर मधेशका दुई प्रमुख दल संघीय समाजवादी फोरम र राजपाले मधेशको आन्दोलनको मुडलाई परिवर्तन गरेर ब्यालेटमार्फत अनुमोदन गराए । उनीहरूको यस प्रकारको निर्णय आकस्मिक भए पनि त्यसले मधेशको राजनीतिक कोर्सलाई यसरी परिवर्तन गरिदिएको छ कि त्यसलाई आत्मसात गर्न मधेशी दलहरू बाध्य भए ।

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन वहिष्कार गरेर आन्दोलनमा रहेका मधेशी दलहरू क्रमश: आफ्नो मूड परिवर्तन गर्दै जनताको जनादेशबाट नै आगामी यात्रा तय गर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्दै आन्दोलनको बाटोबाट निर्वाचनको बाटोमा आए । यद्यपी फोरम पहिलो चरणको निर्वाचन वहिष्कार गरे पनि दोस्रो चरणबाटै निर्वाचनमा होमिएका थिए ।

स्थानीय तहको निर्वाचनबाट राजनीतिको नयाँ यात्रा तय गरेका उनीहरूले मंसिर १० र २१ गते भएको संघीय संसद र प्रदेश सभाको निर्वाचनमा सहभागी पनि भए । जसले उनीहरूलाई प्रदेश २ मा सरकार बनाउन मौका दियो ।

संघीयताका लागि लडेका मधेशी दलहरूले अन्तत: संघीयताको एउटा कडिको रूपमा प्रदेश सरकार बनाउन सफल भए ।



राजपा संयोजक महन्थ ठाकुर र संघीय फोरमका अध्यक्ष उपेन्द्र यादव ।

तर प्रश्न उठ्छ के मधेशले पाउन सकेको यति हो ?

२०७२ साल असोजमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि मधेशमा एक किसिमले आगो नै बनेको थियो । जतातते आन्दोलन, चक्काजाम, नाकाबन्दीले जनता आजित थिए । अन्तत: अशान्त मधेशलाई सहमतिमा ल्याएर निर्वाचनमा सहभागी गराउनु नेपाली राजनीतिक इतिहासमा वर्ष २०७४ निकै सफल रह्यो । मूलत: वर्ष २०७४ संविधान कार्यान्वयनको पहिलो चरणमा नै केन्द्रित रह्यो ।

यद्यपी विभिन्न उतार-चढावका बीच तीनै तहको निर्वाचन सम्पन्न भयो । देशले पाँच वर्षका लागि स्थिर सरकार पायो भने संविधानअनुसार बनेको सातवटै प्रदेशले प्रादेशिक सरकार पनि बनायो ।

नेपालको इतिहासमा पहिलो पटक अभ्यास भएको संघीयता कार्यान्वयनको चरण यी निर्वाचनमार्फत सफलतापूर्वक सुरू भएको हो ।

२०७२ सालमा संविधान जारी भएपछि संविधान अपूर्ण भएको भन्दै मधेशी दलहरू आन्दोलनमा थिए । उनीहरूलाई सहमतिमा ल्याउन पनि सरकारले स्थानीय तहको निर्वाचन तीन चरणमा गरेको थियो । पहिलो चरणमा बैशाख ३१ गते प्रदेश ३, ४ र ६ का ३४ जिल्लाका २८३ स्थानीय तहमा निर्वाचन भयो । त्यसपछि असार १४ गते प्रदेश १, ५ र ७ का २३४ स्थानीय तहमा निर्वाचन भयो । त्यसबेलासम्म मधेशी दलहरू संविधान संशोधनको माग राख्दै सडकमा नै थिए । उनीहरूलाई पनि सहमतिमा ल्याई असोज २ गते प्रदेश २ मा निर्वाचन गर्ने निर्णय भयो । प्रदेश २ मा रहेका मधेशका आठ जिल्लाका १३६ स्थानीय तहमा सरकारले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्‍यो । यो २०७४ कै सबैभन्दा ठूलो उपलब्धि हो ।

मंसिर २१ मा भएको निर्वाचनमा प्राय: सबै दलले सहभागिता जनाए । संविधानलाई नमानेर आन्दोलन गरिरहेका मधेशी दल पनि निर्वाचनमा सहभागी भए । प्रदेश २ मा त उनीहरूकै नेतृत्वमा सरकार बनेको छ । प्रदेशको निर्वाचन नेपालका लागि एउटा महत्वपूर्ण उपलब्धि हो । सिंहदरबारमा केन्द्रिकृत राज्य सत्ता अहिले प्रदेश तथा स्थानीय तहमा विकेन्द्रिकृत भएको छ । यसले गर्दा विकट क्षेत्रमा पनि समान विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

प्रधानमन्त्री केपी ओलीको सरकारलाई विश्वासको मत दिएको फोरम र राजपालाई पनि सरकारमा ल्याउन सके वाम गठबन्धनको अर्को उपलब्धि हुने विश्लेषकहरू बताउँछन् ।

**सरकारमा जान हतारो**

ओली नेतृत्वको सरकारलाई हतारमा सर्मथन गरेर सत्ता लिप्सामा हौसिएका उनीहरूले अहिलेसम्म ग्रिन सिग्नल नपाएपछि अन्योलमा परेका छन् ।

मधेशी दललाई जनताले सरकारमा जान जनादेश दिएको छैन तर उनीहरू लामो समयदेखि सत्ताबाहिर रहेका उनीहरू यतिबेला सरकारमा जाने चर्चाले सर्वत्रस्थान पाएको छ । आम जनमानसमा एउटा प्रश्न उब्जिएको हो कि मधेशी दलहरू मुद्दा विसर्जन र सत्ता समर्पणको बाटोमा त लागेका छैनन् ?

यसर्थ, अब मधेशी दलहरू खासगरी राजपा र संघीय फोरमले आफ्नो मुद्दालाई बचाइ राख्न सरकारसँग सम्झौतापरस्त नभइ बुँदागत रूपमा छलफललाई केन्द्रित गरी अगाडि बढाउनु पर्छ तर, यसको अर्थ मधेशको सामाजिक विषयलाई तिलाञ्जली दिनु होइन ।

यो निर्वाचनबाट आएको मतादेशलाई पनि अवसरको रूपमा सदुपयोग गर्दै मधेशको आर्थिक-सामाजिक पक्षतर्फ पनि उनीहरू केन्द्रित हुनुपर्छ । मधेशको नाममा राजनीति त गरिन्छ तर मधेशको विकासमा ध्यान कसैको गएको छैन ।

मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा मत लिनका लागि मात्र प्रयोग नगरी विकासको एजेन्डालाई प्राथमिकतमा राख्नुपर्छ ।

## प्रदेश २ बारे जानकारी




## नीति तथा कार्यक्रममा 'माघ ५ मधेश आन्दोलन दिवस'

जनकपुधाम । प्रदेश २ को सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । सो नीति तथा कार्यक्रममा माघ ५ गतेलाई मधेश आन्दोलन दिवस मनाउने समावेश गरिएको छ । बुधबार प्रदेश प्रमुख रत्नेश्वर लाल कायस्थले प्रदेशसभामा सरकारको ६० बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । चालु आर्थिक वर्षको बाँकी अवधि नीतिगत, कानुनी तथा संरचनागत प्रवन्ध गर्दै सरकारी संयन्त्रलाई काम गर्न सक्ने बनाइने पनि सरकारले बताएको छ । प्रदेश सरकारप्रति जनअपेक्षा धेरै भएपनि नीतिगत, कानुनी, संस्थागत एवं व्यवस्थापकीय प्रवन्धहरू नभएका कारण परिर्वतनको अनुभूति हुने कार्यक्रम गर्न नसकिने नीति तथा कार्यक्रममा उल्लेख छ ।
प्रदेश सरकारले राजश्व र अनुदान बाँडफाँट गर्दा जनसंख्या र मानव विकास सूचकांकलाई आधारमा बनाउनु पर्ने माग गरेको छ । प्रदेशको स्थायी राजधानीबारे छिट्टै निर्णय गर्ने पनि प्रदेश २ को सरकारको नीथि तथा कार्यक्रममा उल्लेख छ ।
मुख्यमन्त्री 'बेटी पढाउ, बेटी बचाउ' अभियान सञ्चालन, विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको स्थापना, स्थानीय तहमा सरकारी बैंकको शाखा विस्तार, युवालाई रोजगारीको अवसर सिर्जना, प्राविधिक शिक्षाको केन्द्र, प्राथमिक तहदेखि मातृभाषा शिक्षा लागू र मदरसा शिक्षालाई मूलप्रवाहीकरण गरी औपचारिक तथा व्यावसायिक



बनाइने छ । प्रदेश प्रहरी तालीम केन्द्र स्थापना, आयुर्वेद चिकित्सालाई प्रवर्द्धन गर्न आयुर्वेद संस्थान स्थापनाको सम्भाव्य अध्ययन, प्रदेश प्रहरी हेडक्वार्टर स्थापना, आठै जिल्लामा दलित छात्रावास स्थापना र प्रदेश सञ्चार नीति ल्याइने छ । बृहत राजनीतिक सहमतिका आधारमा प्रदेशको नामाकरण र प्रदेशको स्थायी राजधानी सम्बन्धमा निर्णय लिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

## यसभित्र...

देशको प्रगतिमा राज्यसत्ता नै बाधक
उपेन्द्र झाको विचार-विश्लेषण, पृष्ठ २ मा

प्रमको भारत भ्रमणबाट अपेक्षा
सम्पादकीय पृष्ठ २ मा

समृद्धिका लागि भारतसँगको सम्बन्ध अपरिहार्य छ : दीपकुमार उपाध्याय
अन्तर्वाता पृष्ठ ३ मा

मधेशमा स्रोतको अभाव र विकासको सम्भावना पृष्ठ ४ मा

प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीको वक्तव्य पृष्ठ ५ मा

यस्तो छ प्रधानमन्त्रीको भारत भ्रमणको १२ बुँदे संयुक्त वक्तव्य पृष्ठ ६ मा

## टिप्पणी

संगीता रेग्मी



# 'मधेश'लाई नचिनेको नेपाली चलचित्र

**मधेश नघुमेकाहरू हिमाल र पहाडका दर्शकहरूलाई नेपाली चलचित्रले मधेशको समस्या, सम्भावना र आवश्यकताहरू बताउन सक्नुपर्छ। तर, त्यस्तो नदेखाएर त्यस ठाउँका व्यक्ति र समाजको नकारात्मक प्रचार मात्र गरेको पाइन्छ।**

काठमाडौंको जय नेपाल हलको एक सिटमा बसेर बम्पर व्यापार गरिरहेको 'शत्रुगते' चलचित्र हेर्दै गर्दा पछाडिबाट एक अधवैशें महिलाको आवाज सुनियो- 'यो त मधेशी हो नि ।' पछाडि फर्केर उनलाई हेर्दा लाग्थ्यो उनी खानदानी परिवारकै महिला हुनुपर्छ । 'शत्रुगते' फिल्ममा आँचल शर्माकी बाबुको भूमिकामा अभिनय गरेका रमेश रञ्जन झाको आवाज, पोसाक हेर्दा ती महिलालाई लागेको होला यो मधेशी हो । उनले अगाडि भनिन्-'पहाडी केटीको बाबुको भूमिकामा मधेशीलाई किन खेलाएको होला ?' उनको यस्तो तर्कबाट मलाई लाग्यो अझ पनि मधेशीलाई चलचित्रको भूमिकामा राख्दा दर्शकले नै अस्वीकार गरिरहेका हुन् कि ? यस चलचित्रले मधेशी र पहाडी भनेर छुट्टयाउनु भन्दा पनि आ-आफ्नो ठाउँको विशेषतालाई बुझेर मधेशी र पहाडीको सहकार्यमा नै सबैको भलो हुनसक्छ भन्ने सन्देश दिएको छ ।

अर्को चलचित्र 'तिमीसँग' को उदाहरण लिउँ । आकाश श्रेष्ठ, साम्राज्ञी राज्यलक्ष्मी शाह र नाजिर हुसेनको मुख्य अभिनय रहेको यो चलचित्रमा मधेश र पहाडलाई अलग गरेर होइन, एक ठाउँमा राखेर मात्र नेपालमा भावनात्मक एकता हुनसक्छ भन्ने सन्देश दिन खोजिएको छ । यस चलचित्रमा मधेशी कलाकार नाजिर हुसेनको भूमिका दमदार छ । उनले धेरै हदसम्म यस चलचित्रलाई 'होल्ड' गरेका छन् । चलचित्रले समाजको घटना, परिघटना, विकृति, विभिन्न मान्यतालाई कथाको माध्यमबाट दर्शक समक्ष प्रस्तुत गर्ने गर्दछ । नेपालमा निर्मित चलचित्रको पहिलो प्रदर्शन २०२२ सालको असोजमा 'आमा' चलचित्रबाट भयो । तर, सरकारी लगानीमा निर्मित यो चलचित्र निर्माण हुनु अगावै २०१८ सालमा नीजि लगानीमा निर्माण थालिएको चलचित्र 'माइतीघर' भने 'आमा' भन्दा पछाडी मात्र सार्वजनिक भयो । नेपाली भाषामा निर्मित पहिलो चलचित्र भने भारतमा २००८ सालमा निर्मित 'सत्य हरिश्चन्द्र' हो, जुन नेपालीमा पनि डबिङ्ग गरेर सार्वजनिक गरिएको थियो ।

२०२२ सालबाट चलचित्र निर्माण सुरू भएको नेपाली चलचित्र २०७४ सालसम्म आइपुग्दासम्म हजारौं चलचित्र निर्मित भए भने अर्बौंको कारोबार गरेको छ । तर नेपाली चलचित्रमा मधेशी पात्रको उपस्थिति र भूमिका खोज्न करिब पाँच दशक लागेको छ । पहिलाका चलचित्रहरूले मधेशलाई चिन्दैन्थ्यो भने हाल आएर केही चलचित्रहरूले थोरै भए पनि स्थान दिन थालेको छ । तर, नेपाली चलचित्रहरूमा अहिले पनि मधेशको उपस्थिति उत्साहजनक र सन्तोषजनक छैन । सुरूमा केही खलनायक तथा कमजोर पात्रको रूपमा मात्र चित्रण गरिने मधेशलाई हाल आएर सकारात्मक भूमिकाका रूपमा समावेश गरिन थालिएको छ ।

उदाहरण हेरौं, २०७२ सालमा अभिनेता निखिल उप्रेतीले आफैं निर्देशक भएर बनाएको फिल्म हो 'भैरव' । जतिबेला फिल्म रिलिज भइरहेको थियो, त्यतिबेला दोस्रो मधेश आन्दोलन चर्किरहेको थियो । मधेशमा पहिचान र आत्मसम्मानको कुरा उठिरहेको थियो । मधेश र मधेशविरोधी फिल्म भन्दै सप्तरीमा फिल्मको पोस्टर जलाउँदै प्रदर्शन हुनबाट रोक समेत लगाइएको थियो । मधेशी अनुहारलाई खलनायकको भूमिकामा प्रस्तुत गर्ने नेपाली फिल्मको चलन यो फिल्मले पनि धानेको छ । 'भैरव'लाई गृह मन्त्रालयले दंगाग्रस्त क्षेत्रमा तत्काल चलाउन रोक समेत लगाएको थियो । यता फिल्म 'अलबिदा'मा नगेन्द्र रिजालले तराईमा बसेर काठमाडौं हल्लाउने 'टाइगर' नामक नामुद गुण्डाको भूमिका निर्वाह गरेका छन् । नेपाली फिल्मले मधेशी चरित्रलाई सधैं भिलेन, खलनायक, नकारात्मक पात्रकै रूपमा चित्रण गरिरहेको पाइन्छ ।

'रेशम फिलिली', 'होस्टेल रिन्टर्स', 'लभसव' होस् वा 'सुन्तली', 'ताण्डव', 'फागु' लगायतका चलचित्र होस्, यी सबैमा मधेशी पात्रलाई भिलेन, साइकलमा तरकारी बेच्ने, जुत्ता सिलाउने, फटाहा, गुण्डा आदि भूमिकामा मात्र देखाए । एकताका नेपाली फिल्ममा मधेशी चरित्र नै हुँदैन थियो र भए पनि उनीहरूको भूमिका साह्रै छोटो हुन्थ्यो । तर, केही वर्षयता धेरै त्यस्ता चलचित्र बने जसले मधेशी चरित्रलाई लामो भूमिकासम्म दिए तर सकारात्मक भूमिकामा खेलाउन सकेको छैन । मधेशलाई गहिराइमा नबुझीकन राजधानीमा बसेर स्क्रिप्ट लेख्नेले मधेशीलाई सधैं यस्तै चरित्रमा कल्पना गर्नु विडम्बना पनि हो ।

यसरी मधेशी पात्रलाई नकारात्मक भूमिकामा खेलाउँदा पहाड र हिमालका दर्शकमा यस्तो भ्रम परेको छ कि मधेशी भनेको जस्तो चलचित्रमा देखिन्छ त्यस्तै नै हुन् । मधेश नघुमेकाहरू हिमाल र पहाडका दर्शकहरूलाई नेपाली चलचित्रले मधेशको समस्या, सम्भावना र आवश्यकताहरू बताउन सक्नुपर्छ तर त्यस्तो नदेखाएर त्यस ठाउँका व्यक्ति र समाजको नकारात्मक प्रचार मात्र गरेको पाइन्छ । काठमाडौंका रैथानेहरूका लागि मधेशी भनेको साइकलमा सब्जी बेच्ने, कागज-बोतल किन्ने मान्छे हो । त्यो चरित्रको गहिराइमा पुगेर उसको दिनचर्या, उसका सपना, आकांक्षा र पीडाहरूलाई चलचित्रले बाहिर ल्याउन

*बाँकी पृष्ठ ८ मा*



# सम्पादकीय



## प्रमको भारत भ्रमणबाट अपेक्षा

प्रधानमन्त्री केपी शर्मा ओलीको हालै सम्पन्न भारत भ्रमण यति बेला नेपाल र भारतमा सर्वाधिक चासो र चर्चाको विषय बनेको छ । प्रधानमन्त्रीको भारत भ्रमणको एक साता बित्न लाग्दासमेत काठमाडौंका विज्ञहरूबीच चर्चा परिचर्चा गर्ने क्रम रोकिएको छैन । सम्भवत: प्रधानमन्त्रीको यो भ्रमणले जति चर्चा पाएको छ शायद यसअघिका प्रधानमन्त्रीहरूले गरेको भ्रमणको त्यति चर्चा भएको छैन ।

यद्यपी प्रधानमन्त्री ओलीको भारत भ्रमण यथार्थमा उनको राष्ट्रवादी छविमाथि परीक्षाको घडी पनि भएको छ । भारत प्रस्थान गर्नुअघि प्रधानमन्त्रीले संघीय संसदको बैठकमा भारत भ्रमणको क्रममा देशको शीर निहुरिने काम नगर्ने प्रतिवद्धता जनाउनु नै प्रधानमन्त्रीहरूको भारत भ्रमणप्रति आशंका उब्जिएको अर्थमा लिन सकिन्छ । आखिर किन हरेक प्रधानमन्त्रीहरूको भारत भ्रमणलाई शंकाको दृष्टिले हेर्ने गरिन्छ ? यसले के देखाउँछ भने प्रधानमन्त्रीहरू भारत वा अन्य कुनै मुलुकको भ्रमणमा जाँदा कुटनीतिक रूपमा कमजोर नै रहन्छन् ।

मुलुकमा लोकतन्त्र स्थापनापछि प्रधानमन्त्रीले पूर्ण अवधि काम गर्न नपाउँदा मुलुक झन् कमजोर अवस्थामा पुगेको देखिएको छ । निकट विगतको इतिहास हेर्दा अहिले आएको यो अवसर मुलुकभित्र मात्र होइन, अन्तर्राष्ट्रिय सम्बन्धका हिसाबले पनि महत्वपूर्ण छ । कूटनीतिलाई घरेलु नीतिकै विस्तारका रूपमा लिइन्छ । त्यसकारण नेपाल सरकारले मुलुक र मुलुकबासीको हितमा अघि सारेका स्वार्थको यस भ्रमणका क्रममा संयोजन हुन सक्यो भने त्यो यथार्थमै सफल ठानिनेछ ।

> यसपटक प्रधानमन्त्री ओलीको भारत भ्रमण तुलनात्मकरूपमा बढी सार्थक देखिएको छ । सम्झौता र सहमतिका दृष्टिले ठूलो फड्को मार्ने खालको नभए पनि आपसी सद्भाव अभिवृद्धिका दृष्टिले उपलब्धिमूलक रहेको मान्न सकिन्छ ।

यसपटक प्रधानमन्त्री ओलीले भारत भ्रमण केही माग्नभन्दा पनि सम्बन्ध विस्तारको उद्देश्य रहेको सन्देश दिइसकेका छन् । अहिलेको समय भनेको भारतसँग समस्या सुल्झाएर भन्दा पनि व्यापार व्यवसाय बढाई समृद्धितर्फ जाने हो । त्यसका लागि नेपालले समुचित नीति लिई अघि बढेमा दुई देशबीचको व्यापार घाटासमेत कम गराउन सकिन्छ । विगतमा १९५० को सन्धि पुनरावलोकन वा परिमार्जनका विषयलाई भारतले सुन्नै नचाहेको स्थिति पनि परिवर्तन भइसकेको छ । दुई देशबीच गठन भएको प्रबुद्ध व्यक्ति समूह (इपिजी) ले समेत सम्बन्धलाई सामयिक बनाउन दुवै सरकारलाई प्रतिवेदन दिने तयारी हुँदैछ । नेपाल-भारत सम्बन्धको अद्वितीयतामा गौरव गर्ने पक्ष धेरै हुँदाहुँदै पनि व्यापार घाटा कम गर्नेतर्फ प्रधानमन्त्रीको यस पटकको भ्रमणले अपेक्षाकृत सफल भएको मान्न सकिदैन । दुवै देशमा एकअर्का देशका नागरिकले बसोबास गर्ने र व्यापार-व्यवसाय सञ्चालन गर्दै आएका छन् । खुला सीमाका कारण यो सम्भव भएको हो । नेपालीले भारतबाट कमाइ गरेर ल्याएका मात्र छैनन् नेपालबाट पनि भारतीयहरूले विप्रेषण राम्रैसँग लिएर जाने गरेका छन् । अत: सम्बन्धको बराबरीपनमा पनि उत्तिकै ध्यान जान सक्नुपर्छ । भारतले यो बीचमा आर्थिक उन्नति र विकासलाई जोड दिएको छ र नेपालले पनि त्यसबाट लाभान्वित हुन त्यहाँको नेतृत्वसँग समन्वय गर्न सक्नुपर्छ ।

संयोगले यतिबेला प्रधानमन्त्री ओली र उनका समकक्षी नरेन्द्र मोदी दुवैलाई सशक्त जनमत प्राप्त छ । दुवै देशमा बलियो सरकार भएकै बेलामा विगतका समस्याहरू समाधान गरी दुई देशको सम्बन्धलाई नयाँ उचाइतर्फ लैजान सकिन्छ । भारतको चासोलाई ध्यानमा राख्दै नेपालको हितरक्षाका निम्ति हाम्रा सरकार प्रमुखले त्यहाँको भ्रमण गर्नु उचित हुन्छ । कुनै अपेक्षा नराखी सद्भावकै लागि गरिने यस्ता भ्रमणले नै यथार्थमा हाम्रो सम्बन्धलाई नयाँ युगअनुकूल बनाउन मद्दत गर्नेछ । यद्यपी यसपटक प्रधानमन्त्री ओलीको भारत भ्रमण तुलनात्मकरूपमा बढी सार्थक देखिएको छ । सम्झौता र सहमतिका दृष्टिले ठूलो फड्को मार्ने खालको नभए पनि आपसी सद्भाव अभिवृद्धिका दृष्टिले उपलब्धिमूलक रहेको मान्न सकिन्छ ।

जलमार्गसम्म नेपालको पहुँच पुऱ्याउने र काठमाडौंसम्म रेल यातायातले जोड्ने भारतको प्रतिबद्धता आएको छ । कृषिको आधुनिकीकरणमा साझेदारी गर्ने, पुराना योजना/आयोजनाहरू कार्यान्वयनमा लैजाने जस्ता समझदारी भएको छ, जसलाई उपलब्धीमूलक नै मान्नु पर्छ । निकट भविष्यमै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण हुने भनिएको छ र यदि यो भ्रमण भयो भने द्विपक्षीय सम्बन्ध झन बलियो हुने अपेक्षा गर्न सकिन्छ । दुई देशबीच प्रधानमन्त्री ओलीकै शब्दमा 'समसामिप्य' को सम्बन्धका लागि नेपालले कति कूटनीतिक कौशल देखाउन सक्छ त्यो नै अहिलेको महत्वको विषय हो ।

## सातको सात बात



वैशाख ९ गते पार्टी एकता घोषणा गरेर देशलाई नयाँ युगमा लैजाने छौं । विशाल जनसमुदायका बीचमा एकीकृत पार्टी घोषणा गर्नेछौं । त्यसपछि नयाँ आर्थिक विकासको युग सुरू गर्नेछौं । **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



फोरम नेपाल सरकारमा जाने कि नजाने भन्ने विषय संविधान संशोधनसँग जोडिएको छ । संविधान संशोधन हाम्रो पहिलो प्राथमिकता हो भने सरकारमा सहभागी हुने दोस्रो । **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



राजपा नेपाललाई सरकारमा सहभागी गराउन प्रधानमन्त्रीबाट औपचारिक प्रस्ताव आएको थियो । तर, प्रस्तावले मात्रै वातावरण बन्दैन । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



फोरम नेपाल र राजपा पनि सरकारमा सहभागी हुने भन्ने विषय अहिले नै टरिसकेको छैन । वामगठन्धनप्रति उहाँहरू सकारात्मक नहुनु भएको भए हाम्रो सरकारलाई समर्थन गर्नुहुँदैनथ्यो । **रघुवीर महासेठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री**



अहिलेसम्म नेपालको कुनै पनि प्रधानमन्त्रीको भारत भ्रमण असफल भएको छैन । भर्खरै सम्पन्न प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण नि सफल नै भएको छ । **डा. रामशरण महत, नेता, नेपाली कांग्रेस**



नीति तथा कार्यक्रम र बजेट नभैकन काम गर्न सकिने अवस्था छैन । सरकार चलाउनका लागि नीति, नियम, ऐन चाहिन्छ । प्रदेश नम्बर दुईको सरकारले जनताका माग सम्बोधन हुने गरी नीति तथा कार्यक्रम ल्याउन लागेको छ । **लालबाबु राउत, मुख्यमन्त्री प्रदेश २**



हाम्रा प्रधानमन्त्रीले भारत भ्रमणको क्रममा समृद्ध नेपाल र सुखी नेपाली अभियान कसरी सफल हुन्छ भन्ने आफ्नो भिजन प्रष्ट पार्नुभयो । त्यसबाट आफू प्रभावित भएको र ओलीजीको बोल्ड लिडरशीपमा नेपालले विकासमा फड्को मार्ने विश्वास पनि व्यक्त गर्नुभएको छ । **विष्णु रिमाल, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार**

# देशको प्रगतिमा राज्यसत्ता नै बाधक

### विचार-विश्लेषण



उपेन्द्र झा

> लुट्ने वानी परिसकेको राज्यसत्ताको मुहार फेर्न नचाह्ने राजनीतिक दलहरू पनि आत्मसमर्पण गरेका छन् । लूट परम्परालाई हटाउन नसक्ने दलहरू कागजमा मात्रै घोडा दौडाएर लक्ष्य हासिल गर्न नसक्ने यथार्थ त छँदैछ, आइपर्ने चुनौतीको सामना गर्न पनि मुश्किल छ । परनिर्भरताको भयावह आँकडालाई जेनतेन तरलीकृत रेमिट्यान्सले तत्काल धाने पनि यसको कुनै स्थायित्व नरहेकोले भर पर्ने विश्वासिलो आधार छैन ।

नेपाल प्राकृतिक सौन्दर्य तथा संसारको सर्वोच्च शिखर "सगरमाथा" को कारणले विश्व रंगमञ्चमा आफ्नो पहिचान बनाएको छ । हिम आच्छादित हिमाली श्रृँखला, सृष्टिको साक्षीको रूपमा ठडिएको असंख्य पर्वतमाला, हिमतालका साथ अन्य विभिन्न तालको मनमोहक सुन्दरता, दुर्लभ बन्यजन्तु तथा आकर्षक चराचुरूङ्गीले सजिएको नेपालको प्राकृतिक छटाको अवलोकन यी सारा कुरा नेपालको विशिष्ट आकर्षक पक्ष हुन् । यही कारण सगरमाथा आरोहण गर्न संसारभरिका पर्यटकहरू नेपाल आउने गर्दछन् । पहिलो पटक हिमाल चढ्ने तेन्जिङ्ग शेर्पा नोर्केले नेपालमा सगरमाथा आरोहण गर्ने विश्व पर्यटकका लागि द्वार खोलेका हुन् । पर्यटकको नियमित आगमनपछि नेपाल विश्व सामु परिचित भएको हो ।

नेपालमा प्राकृतिक सम्पदा प्रचूर मात्रामा रहेको तथा नेपालमा प्रकृतिको साक्षात दर्शन हुने पर्यटकहरूको विस्तारै आकर्षण बढ्यो । नेपालको भौगोलिक विकटता पनि पर्यटकको लागि आकर्षणको केन्द्र बन्यो । दायाँ बायाँ दुई महाशक्ति देश (चीन र भारत) अवस्थित रहेकोले नेपालप्रति विश्वको चासो बढ्न थाल्यो । सगरमाथाको पहिलो पटकको आरोहणदेखि अहिलेसम्म ६७ वर्ष बितेको छ । झण्डै सात दशकको अन्तरालमा नेपालको वैदेशिक सहयोग, आन्तरिक आयको लेखाजोखा, शासकहरूको प्रवृति र क्रियाकलाप, परराष्ट्र सम्बन्ध र विकासको समीक्षा संक्षिप्त रूपमा बुझ्न कसलाई मन लाग्दैन । यही जिज्ञासा मेट्न आत्मानुभूतिका केही शब्द यहाँ प्रस्तुत गरको छु ।

मैले राणाका जहाँनियाँ शासनको अन्त्यपछि पजातन्त्रको स्थापनाकालदेखिको अवधिलाई समीक्षाको विषय बनाएको छु । ९ महिनेको शिशु प्रजातन्त्रले बनाएको सरकारलाई अपदस्थ गरि २०१७ सालमा राजाले पंचायती शासन व्यवस्था लागू गऱ्यो । राजाको यो कदमलाई वी.पी.कोईरालाले राष्ट्रियतामाथिको हस्तक्षेप भन्यो । राष्ट्रियतामाथिको हस्तक्षेप भनेर वी.पी.ले अर्को पनि राष्ट्रियता रहेको संकेत गरेका छन् । दुई शासकको दुई राष्ट्रियतालाई इंगित गरि वी.पी.ले पारस्परिक अन्तर्विरोधलाई पनि देखाएको छ ।

प्रजातान्त्रिक सरकारको अल्पकालीन उपस्थिति रहेकोले यिनको क्रियाकलाप परिक्षणकाल मै समाप्त भएकोले समीक्षाको विषय नै रहेन । अत: पंचायत अधिनायकवादी राजतन्त्र नै शासनमा सक्रिय रहेकोले यहींबाट क्रम जोडौं । राजावादी कट्टरपंथीहरूको शासन ३० वर्षसम्म चल्यो । बिना कुनै अवरोधका पूर्णकालिक सरकारहरू भए । स्थिर सरकार भएकोले विदेशी लगानी पनि निर्वाध रूपमा आइरहेको थियो । कल कारखानाहरू पनि खुले । विकासका ठुल्ठूला योजनाहरू कतिपय कागज मै सिमित रहे भने कतिपय व्यवहारमा पनि देखिए । सहयोगका असिमित धनराशिहरूले व्यक्तिगत स्वार्थलाई बढावा दियो । उद्योगधन्दा फस्टाउनुभन्दा व्यक्तिगत स्वार्थ निकै फस्टायो । व्यक्तिगत स्वार्थको शिकार भएर उद्योग धन्धाहरू रून्न भए । अथवा भनूँ उद्योग धन्धालाई रोगग्रस्त बनाईयो । उद्योगधन्धालाई समस्याग्रस्त बनाईनुको पछाडि वैदेशिक सहयोग निरन्तर प्राप्त गरि रहने नियत थियो । प्राविधिक कारण देखाएर उद्योगलाई समस्यामा राखी वैदेशिक सहयोग प्राप्त गर्ने नियतको लामो अभ्यासले यो राज्यसत्ताको संस्कार नै बन्यो । नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीहरू पंचायती सरकारको विरोधमा संघर्ष गरि रहेका थिए । राजतन्त्रले देश कसरी लुटि रहेको छ भन्ने कुरा पार्टीहरूले जनतालाई बुझाई रहेका थिए । पंचायती सरकार राजाको छत्रछायामा जनताको अधिकारलाई वेवास्ता गरि व्यक्तिगत स्वार्थ पूरा गरि रहेको जनताले पनि अनुभव गरि रहेका थिए । जनचेतना बढ्दै जाँदा यिनको संगठन पनि बढ्दै गई रहेको थियो । जनचाहना पूरा नभएको अवस्थामा जनता पार्टीहरूलाई विश्वास गर्न बाध्य थिए । पंचायतप्रति वितृष्णा बढ्दै गई रहेको थियो ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि अनवरत संघर्षरत नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीले ०४६ सालमा संघर्षद्वारा सत्ता खोस्न सफल भए । प्रजातन्त्रको पुनर्स्थापना भयो । कथित एकतन्त्रीय शासनको अन्त्य भई प्रजातान्त्रिक सरकारको उदय भएपछि जनतामा पनि अपेक्षा पूरा हुने चाहनाले हर्षोल्लासको वातावरण थियो । विश्वका प्रजातान्त्रिक देशहरू पनि खुशी थिए । नयाँ प्रजातान्त्रिक सरकारको पुनर्स्थापनाले वैदेशिक लगानीलाई पनि प्रोत्साहित गरेको थियो । सबैको अपेक्षा पूरा हुने अवसरको रूपमा राष्ट्रिय, अन्तर्राष्ट्रिय सबै शक्ति नेपालको राजनीतिमा सक्रिय भएका थिए । वैदेशिक लगानीलाई प्रोत्साहित गर्न सरकारले अनुकूल वातावरण पनि निर्माण गऱ्यो । वैदेशिक लगानीको ओइरो लाग्यो । सरकार बदले पनि संयन्त्र भने परम्परागत अवस्थाको नै हस्तान्तरण भयो ।

जन अपेक्षा पूरा गर्ने र देशलाई विकासको बाटोमा अग्रसर गराउने नेतृत्व मण्डलीको प्रवल चाहनालाई ब्यूरोक्र्यासीले स्वार्थ पूर्तिको चाहनामा रूपान्तरण गराएरै छाड्यो । जन अपेक्षा मात्र होइन, देश विकासको गति पनि अवरूद्ध भयो । धेरै उद्योगधन्धाहरू खुले पनि उसलाई पंचायत व्यवस्थाकालका रोग (समस्याग्रस्त बनाई लगानी तान्ने) संक्रमित भयो । प्राविधिक गडबडी देखाएर वैदेशिक सहयोग तान्ने पूर्व प्रचलनलाई नै अभिष्ट बनाएर प्रजातान्त्रिक सरकार अगाडि बढ्यो । व्यक्तिगत स्वार्थमा चुर्ल्लुम्म डुबेका प्रजातान्त्रिक सरकारले जनताले विश्वास गरेर दिएको बहुमतको जनादेशलाई पनि बेवास्ता गरि पार्टी विभाजनसम्मको नैतिकहीनता देखाए । जन अपेक्षा पूरा गर्ने कुरा बिर्सेर व्यक्तिगत स्वार्थ पूर्तिको बढ्दै गएको निशामा सिङ्गो पार्टीहरू डुबे । त्यतिबेला नेपाली काँग्रेस र एमाले दुईवटा पार्टी थिए । सत्तालिप्साले सबैलाई भ्रष्ट बनायो । जन चाहनालाई वेवास्ता गरेपछि देशमा राजनीतिक अराजकता व्याप्त भयो । राजनीतिक परिस्थितिको अनुकूलतालाई अनुभव गरि राजाले प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरि शासनसत्ता आफ्नो हातमा लियो । त्यसपछि जन समर्थन गुमाई सकेका प्रजातान्त्रिक सरकारले आफ्नो अनुहार आईनामा हेर्दा नचिनिने अवस्थामा पुगेको थियो ।

राजतन्त्रले देश लुट्यो भनेर जनतालाई झुक्याउने कथित प्रजातान्त्रिक सरकारले पनि लुट्ने चलनलाई नै निरन्तरता दिएकोले जनतामा यिनको लोकप्रियता समाप्त भयो । जन अपेक्षा पूरा गर्न नसकेर कथित प्रजातान्त्रिक सरकारको विरूद्ध जनता माओवादीको नामबाट आन्दोलित भयो । जनतामा अलोकप्रिय बन्दै गएको प्रजातान्त्रिक सरकारमा राजनीतिक अराजकताको मौका छोपी राजा ज्ञानेन्द्रले सत्ता लिएपछि केही दिनपछि सबै राजनीतिक शक्तिहरू फेरि एकजूट भए । ०६२ सालको भीषण आन्दोलनले काठमाण्डौंलाई घेरेपछि राजाले राज्यसत्ता प्रजातान्त्रिक सरकारलाई फिर्ता गरे ।

लूट परम्पराको निरन्तरतामा नेपाल कछुवाको गतिमा अगाडि बढेपनि उपलब्धिमूलक परिणाम भने दिन सकेन । देश विस्तारै परावलम्बी हुँदै गयो । चालू आर्थिक वर्षको ६ महिनामा कुल वस्तुको आयात १५ प्रतिशतले बढेर ५ खर्ब ३४ अर्ब १६ करोड रूपया पुग्दा वस्तु निर्यात ४१ ऋर्ब १४ करोडमा मात्र सिमित रहेको छ । गत आर्थिक वर्षभरिमा ९ खर्ब १७ अर्ब रूपियाँ बरावरको व्यापार घाटा भएको थियो भने यो वर्ष १० खर्बको व्यापार घाटा अनुमान गरिएको छ ।

देशमा उत्पादन बृद्धि नहुनु, उद्योगधन्धाहरू फस्टाउन नसक्नु, तथा कृषि उत्पादन समेत आयात गरिनुले देशको अर्थतन्त्र कति भयावह स्थितिमा छ भन्ने कुराको सम्बन्धमा नेपाल राष्ट्र बैंकले पनि चिन्ता जाहेर गरेको छ । नेपालको आर्थिक वृद्धिदरको अवस्था पनि विकराल छ । सन् २००८ मा नेपालको आर्थिक वृद्धिदर ६.१% थियो भने २०१६ मा सबै वर्षभन्दा कम ०.६% देखाएको छ । आर्थिक वृद्धिदर कृषिमा आधारित हुन्छ । कृषि उत्पादन नै हामी आयात गरि रहेका छौं भने आर्थिक वृद्धिदरलाई हामी अपेक्षित रूपमा उकास्न सकि रहेका छैनौं ।

दक्षिण एशियाली मुलुकहरूमा एक दशकको अवधीको आर्थिक वृद्धिदर भुटान ६.८%, अफगानिस्तान ६.४%, बंगलादेश ६.३%, श्रीलंका ५.७%, मालदिभ्स ४.७%, नेपाल ४.३% र पाकिस्तान ३.७% का दरले हासिल गरेको छ ।

आर्थिक वृद्धिदरमा कृषिको जस्तो गार्हस्थ्य उत्पादनको पनि उतिकै योगदान छ । प्रस्तुत आँकडाले पनि नेपाल कति गहिराईमा छ भन्ने कुरा प्रष्ट हुन्छ । दक्षिण एशियामा सन् २०१६ मा प्रकाशित कूल गार्हस्थ्य उत्पादनका आधारमा माल्दिभ्स (१०११८.९ यू.एस. डलर), चीन (८१२३.२ यू.एस. डलर), श्रीलंका (३८३५.४ यू.एस. डलर), भुटान (२७७५.५ यू.एस. डलर), भारत (१७०९.६ यू.एस. डलर), पाकिस्तान (१४४३.६ यू.एस. डलर), बंगलादेश ( १३५८.८ यू.एस. डलर), नेपाल (७२९.१ यू.एस. डलर) र अफगानिस्तान (५६१.८ यू.एस. डलर) रहेको छ । यो आँकडामा माल्दिभ्स पहिलो स्थानमा छ भने सबभन्दा कम स्थानमा अफगानिस्तानभन्दा माथि नेपाल रहेको छ ।

नेपालको गरिबी २९ प्रतिशत छ । झण्डै पौने एक करोड जनता गरिब छन् । नेपालका राजनीतिक दलहरूको योजना माँगी खाने भाँडो भएको छ । बाम गठबन्धनले आफ्नो घोषणापत्रमा आगामी ५ वर्षमा प्रतिव्यक्ति आय ५ हजार पुऱ्याउने उल्लेख गरेकै आधारमा उसले बहुमत पाएको हो । तर लक्ष्य प्राप्त गर्न कुनै तजुर्वा नरहेकोले यो प्रतिबद्धता झूठो साबित हुनेमा यिनको कुनै पछुतो पनि छैन ।

लुट्ने वाणी परिसकेको राज्यसत्ताको मुहार फेर्न नचाह्ने राजनीतिक दलहरू पनि आत्मसमर्पण गरेका छन् । लूट परम्परालाई हटाउन नसक्ने दलहरू कागजमा मात्रै घोडा दौडाएर लक्ष्य हासिल गर्न नसक्ने यथार्थ त छँदैछ, आइपर्ने चुनौतीको सामना गर्न पनि मुश्किल छ । परनिर्भरताको भयावह आँकडालाई जेनतेन तरलीकृत रेमिट्यान्सले तत्काल धाने पनि यसको कुनै स्थायित्व नरहेकोले भर पर्ने विश्वायिसो आधार छैन । राज्यसत्ता सिङ्गै संस्थागत रूपमा लूटमा सामेल रहुञ्जेल नेपालको अर्थतन्त्र उभो नलाग्ने तथा द्वन्द्व निरन्तर आई रहने निश्चित छ ।

janukjha24@gmail.com

# जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धी छलफल



काठमाडौं । मिति २०७२/१२/०३ गतेको जग्गा अधिग्रहणको सूचना अनुसार गरिएको मुल्यांकन अपुग तथा समय सापेक्ष नभएको भनि खोकना ईलाकाका स्थानीय बासिन्दाहरूले मुआब्जा नबुझी विरोधका कार्यक्रमहरू गर्दै आईरहेकोमा बुधबार जंगी अड्डामा रक्षामन्त्री ईश्वर पोखरेलको प्रमुख आतिथ्यमा नेपाली सेनाले निर्माण गरी रहेको काठमाण्डौ–तराई/मधेश द्रूतमार्ग आयोजनाअन्तर्गत खोकना ईलाकाको जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धमा ललितपुर जिल्लाका सांसद पम्फा भुषाल, सरकारी कार्यालयका पदाधिकारीहरू, स्थानीय जनप्रतिनिधिहरू, सरोकारवाला र स्थानीय बासिन्दाहरूसँग छलफल कार्यक्रम भएको छ । कार्यक्रमको प्रारम्भमा उक्त आयोजनाको अधिकार सम्पन्न निर्देशक समितिका अध्यक्ष बलाधिकृत रथी पूर्णचन्द्र थापाले कार्यक्रममा स्वागत मन्तव्य राखेका थिए । उक्त आयोजनाका प्रमुख प्राविधिक उपरथी योगेन्द्र बहादुर खाँणले आयोजना सम्बन्धी जानकारी गराएका थिए भने खोकना ईलाकाको समस्या सम्बन्धी जानकारी सहायक रथी भरत बहादुर खड्काले गराए । उक्त कार्यक्रममा स्थानीय प्रतिनिधिहरूले जग्गाको समयानुकुल उचित मुआब्जा दिन र उक्त ईलाकाको ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षणमा पहल गर्न आग्रह गर्दै नेपाल सरकारको परियोजनाहरू चक्रपथ, स्मार्ट सिटी, बागमती कोरिडोर, १३३ के.भि.ए. प्रशारण लाईन उक्त स्थानमा पर्दा खोकनाको अस्तित्व नै खतरामा पर्ने जानकारी गराएका थिए । उक्त कार्यक्रममा माननीय श्री पम्फा भुषालले आयोजना बन्न सहयोग गर्नुपर्ने तर समय सापेक्ष अनुसार मुआब्जा उपलब्ध गराउन उर्पयुक्त हुने विचार व्यक्त गरेका थिए । अन्त्यमा रक्षा मन्त्री पोखरेलबाट मुआब्जाको विषयलाई पुनरावोलकन गर्न, सांस्कृतिक सम्पदाहरूलाई बचाउन र स्थानीय जनतालाई विस्थापित हुन नदिनको लागि सबै प्रतिनिधिहरूले उठाएको समस्याहरूलाई गहन छलफल गरी

# समृद्धिका लागि भारतसँगको सम्बन्ध अपरिहार्य छ

**अहिले भारतले पनि नेपालको राजनीतिक स्थिरता र समुन्नति चाहेको छ र त्यसैमा भविष्य देखेको छ भने मित्रराष्ट्र चीनले पनि त्यहि खोजेको छ। यो नेपालको लागि ठूलो अवसर हो। त्यसकारण दुवै मित्र देशहरूसँग सन्तुलित रूपले हामी जानुपर्छ। मुख्यतः पानीका विषयमा जस्तै पञ्चेश्वर, अरूण जस्ता योजनाहरू छन्। हामीसँग अरू पनि धेरै योजनाहरू छ। हामीले पनि आफूले कबुल गरेका कुराहरू पूरा गर्न सक्नु पर्दछ।**



## दीपकुमार उपाध्याय
## भारतका लागि पूर्वराजदूत

**० भर्खरै सकिएको प्रधानमन्त्रीको भारत भ्रमण कति सकारात्मक रहेको छ ?**

– भ्रमण सकारात्मक नै छ। कूटनीतिक भनेको यस्तो विषयवस्तु हो, यो जहिले पनि सकारात्मक नै हुन्छ। कुनै पनि भ्रमण असफल भयो भन्ने त सुनिदैन नि ? त्यसैले प्रधानमन्त्रीको भारत भ्रमण पनि सफल नै भन्नुपर्छ। अहिले परिस्थिति बदलिएको छ, नेपालमा स्थायित्व होला भन्ने आशा लिएका छौँ। भारतको पनि नेपालसँग सम्बन्ध सुधार गर्नुपर्ने बाध्यता छ। आर्थिक समुन्नतिकै लागि पनि नेपाल-भारतबीच धेरै कुराहरू हुनसक्थ्यो तर त्यो सकेन। त्यसलाई सुधार्ने क्रममा लाग्नुपर्छ। कुनै पनि नेताले गरेको कुरालाई मैले गरेको भन्नु हुँदैन। हामीले गरेको, हाम्रो देश र हाम्रो जनता भन्नुपर्छ। देश र जनताले लाभ कति पाउँछ त्यो त समयले देखाउँछ। हामीले हाम्रो तर्फबाट एकदम सकारात्मक पहल गरेका छौँ।

**० प्रधानमन्त्री भएसँगै सबैको पहिलो भ्रमण भारत नै हुने गर्दछ, यसअर्थमा पनि यो भ्रमण औपचारिकताको लागि मात्र हो कि नेपाल-भारत सम्बन्धलाई नयाँ आयाम दिने काम गऱ्यो ?**

– दुईटा नेताको इच्छाशक्ति, आपसी सद्भाव र विश्वासमा भर पर्ने कुरा हो। कूटनीतिमा नराम्रो कुरा केही हुँदैन। त्यसैले राम्रो नै हुन्छ। नेपालले कला कौशल चातुर्यता देखाउन सक्नुपर्छ राष्ट्रको हितमा। त्यो हामीले अपेक्षा गरौं। भारतीसँग हाम्रो व्यापार घाटा रहेको छ , नेपालमा उत्पादित वस्तु निर्वाध रूपमा भारतमा जान नसकेको जस्ता हाम्रा पुराना समस्याहरू छन्। यी समस्यालाई समाधानको लागि अगाडि बढाउन जरूरी छ। त्यसमा प्रयास हामीले पनि गर्नुपर्दछ। किनभने भारत ठूलो देश हो। हाम्रो समस्या उसको प्राथमिकतामा नहुन सक्छ। उसले सद्भाव देखाएको छ, त्यो नै हाम्रो लागि ठूलो कुरा हो। अब नयाँ विश्वासको वातावरण बनाएर अगाडि जानेछ भन्ने आशा गरौं।

**० सरकारका प्रतिनिधिले यो भ्रमणलाई सम्बन्ध सुधारको रूपमा व्याख्या गरेका छन्। के सम्बन्ध बिग्रिएरै सुधारका लागि नै भ्रमण भएको हो त ?**

– नेपाल-भारत सम्बन्ध त्यति बिग्रिहालेको भन्न मिल्दैन। जनतादेखि इतिहास, धर्म, संस्कृति, रीतिरिवाज र परम्पराको सम्बन्ध रहेको छ। नेताहरू बीचमा शंका थियो भने त्यसलाई विश्वासको वातावरण बनाउने कुरामा लाग्नुपर्छ। एक हातले ताली बज्दैन। हामी सँधै अरूलाई मात्र दोष दिन्छौं। समस्या समाधानको लागि नेपाल र भारत दुवैले समान प्रयास गर्नुपर्दछ। त्यसपछि बल्ल सम्बन्धको सार्थकता हुन्छ।

**० भारतसँग विश्वासको वातावरण बनाउन प्रधानमन्त्रीको भ्रमण कति सार्थक रह्यो त ?**

– पहिला पहिला एकतर्फी भ्रमण मात्र हुन्थ्यो। नेपालबाट भ्रमणको लागि भारत जाने तर भारतबाट कोही नआउने हुनथ्यो। भारतमा प्रधानमन्त्री नरेन्द्र मोदी भएपछि उच्चस्तरीय नेपाल भ्रमण हुन थालेको छ। प्रधानमन्त्री, मन्त्री, सांसदहरूबीच धेरै समयसम्म द्विपक्षीय बैठकहरू हुन सकेन। चाहे हाम्रो सम्बन्ध ऐच्छिक होस्। पहिला बिग्रेको थियो सम्बन्ध भन्ने होइन। सम्बन्ध त बिग्रेकै थिएन त्यसलाई निरन्तरता दिन लागिएको मात्र हो। एउटा नेताले या एउटा सरकार गएर निर्णय गरेर तुरून्त हुने कुरा होइन यो। यो त निरन्तरतामा चलेको हुनुपर्छ र हामीले पनि त्यसै गरी बुझ्नुपर्दछ। अहिले भारतले पनि नेपालको राजनीतिक स्थिरता र समुन्नति चाहेको छ र त्यसैमा भविष्य देखेको छ भने मित्रराष्ट्र चीनले पनि त्यहि खोजेको छ। यो नेपालको लागि ठूलो अवसर हो। त्यसकारण दुवै मित्र देशहरूसँग सन्तुलित रूपले हामी जानुपर्छ। मुख्यतः पानीका विषयमा जस्तै पञ्चेश्वर, अरूण जस्ता योजनाहरू छन्। हामीसँग अरू पनि धेरै योजनाहरू छ। हामीले पनि आफूले कबुल गरेका कुराहरू पूरा गर्न सक्नु पर्दछ।

**० प्रधानमन्त्रीको यो भ्रमणलाई कसरी लेखाजोखा गरिएला त ?**

– यसमा आ-आफ्नो सोचाइ हुन्छ। कसैले नकारात्मक देख्छ भने कसैले सकारात्मक रूपमा लिन्छ। यसको यथार्थ धरातलमा पुगेर विश्लेषण गर्नका लागि केहि समय पर्खनुपर्छ। जनताले देखिने हिसाबबाट परिवर्तन आएको हुनु पर्छ। पानीको बहुउपयोगितामा भारत सकारात्मक देखिएको छ। जस्तै पिउने पानीदेखि लिएर सिँचाईका लागि, बाढी तथा डुबानका समस्या। पानीको प्रबन्ध गर्न नसकेर नेपालको तराईदेखि हामी सबैका लागि पानी आज अभिसाप भएको छ। त्यस्तै भारतको पनि उत्तरप्रदेशमा हामी जस्तै समस्या रहेको छ। पानीलाई हामीले बहुउपयोग गर्न सक्यौं, प्रबन्ध गर्न सक्यौं भने नेपाल मात्र होइन, भारतको पनि समस्या हटेर जान्छ। त्यस्तै रेलको कुरा छ, काठमाडौंसम्म रेल ल्याउने कुरा भएको छ। यो हाम्रो सैद्धान्तिक सहमति हो। त्यसको लागि नेपाल नै लाग्नुपर्दछ, सहयोग गर्नुपर्दछ। कुनै पनि किसिमका बाधा अवरोध हाम्रातर्फबाट आउन दिनु हुदैन। यी कुराहरूको एकतामा हामीले ध्यान दिनुपर्छ।

**० आगामी दिनमा यो भ्रमणले दुई देशको सम्बन्धलाई कसरी अगाडि बढाउन मद्दत गर्छ ?**

– दुवै पक्ष सकारात्मक हुनुपर्दछ। भारत र नेपाल एक अर्कोको बाध्यता हो। किनभने नेपाल र भारतको बीचमा अझै राम्रो सम्बन्ध बनाउनु एक मात्र विकल्प हो, अरू विकल्प छैन। यो कुरा हामी दुवैले बुझ्नुपर्दछ।

**० भारतको दृष्टिकोणबाट यो भ्रमण कति सार्थक भएको मान्नु हुन्छ ?**

– कूटनीतिक रूपमा सफल भए पनि वास्तविक कुरा जान्नको लागि केही समय प्रतिक्षा गर्नै पर्ने हुन्छ। भारत सरकारको राजनीतिक नेतृत्व तहमा नेपालको सम्बन्धदेखि नयाँ आयाम दिनुपर्दछ। खासगरी व्यापार, राजनीतिकका विषयमा भारतले हामी भन्दा निकै अगाडी फड्को मारेको छ। त्यो लाभ नेपालले पनि लिनुपर्दछ र हामी भारतबाट आउने लाभ लिन तयार हुनुपर्छ। भारतका तर्फबाट हुने ढिलाई लाई हामी स्वीकार्न तयार छौं। यसबाट द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउन मद्दत पुऱ्याउँछ। आन्तरिक रूपमा रहेका कुनै पनि समस्यालाई समाधान गरेर तोकिएको समयावधि भित्र योजनाहरूलाई अगाडि बढाउने कुरामा हामी सचेत हुनुपर्छ।

**० प्रधानमन्त्री भ्रमणका क्रममा नेपालको आन्तरिक विषयमा कुरा भएको छैन। यसलाई नेपालको सफलता मान्नुपर्छ कि भारतले कोर्स कलेक्सन गरेको हो ?**

– हुन त हामी पनि हिनताबोधमा बढी रूमल्लिएका हुन्छौं। किनभने नेपाल सार्वभौम देश हो भन्ने कुरा उसले बिर्सिएको छ र ? छैन नि, तर सार्वभौम देशको सोच, परिकल्पना, संकल्प त हामीले लिन सक्नुपर्दछ। हाम्रो आन्तरिक समस्यालाई हामी आफै समाधान गर्न सक्दैनौँ, आपसमा मिल्न मिलाउन सक्दैनौँ तर दोष भने हामीलाई अरूलाई थोपर्छौं। त्यो हाम्रो पनि त्रुटी नै हो। त्यसमा हामी सच्चिनु पर्दछ। हामी सच्चिसकेपछि मित्र राष्ट्र भारतले पनि हाम्रो आन्तरिक मामलामा बोल्नुपर्ने आवश्यकता हुँदैन। नेपालको संविधानलाई भारतले समर्थन गरेन भन्छन्, तर म त भन्छु किन समर्थन गर्ने ? एउटा सार्वभौम देशमा अरूको समर्थन किन खोज्ने ? संविधान जारी गर्ने बेलामा अलिकति सानो विषयले गर्दा कति दुःख झेल्नु पऱ्यो। पहिलेका कुराहरू बिर्सिएर अबका दिनमा सँधै सकारात्मक हुनुपर्छ भन्ने हाम्रो दृष्टिकोण रहेको छ।

**० विगतमा भारतले संविधानप्रति असन्तुष्टि जनाएको हुँदा केपी ओली पहिलो पटक प्रधानमन्त्री भएर भारत भ्रमणमा जाँदा संयुक्त विज्ञप्ति पनि जारी भएन तर अहिले भने त्यस्तो भएन किन होला ?**

– संघीयता, संघीय संरचना, निर्वाचनका कुराहरू छन्। हामी सँधै सकारात्मक हुनुपर्छ। भारतले कहिल्यै पनि नकारात्मक टिप्पणी गऱ्यो, समर्थन गरेन भन्न जरूरी नै छैन। नेपालमा भएको तीन तहको निर्वाचनलाई नेपाली जनताले गरेको यो ठूलो सफलतालाई भारतले लिए पछि अरू त के नै बाँकी छ र। तर देशभित्रको समस्या त हाम्रो आन्तरिक मामिला हो। त्यसको समाधान हामीले गर्नुपर्दछ। संविधान संशोधनलगायतका समस्याहरू हाम्रा आन्तरिक मामिलाका विषयहरू हुन्, त्यो हामी आफैले समाधान गर्नुपर्दछ। त्यसमा बाहिरका शक्तिहरूलाई किन सम्बन्ध बनाउने ? त्यसैले हाम्रा समस्यालाई हामी आफैले समाधान गर्ने अठोट र संकल्प लिएर जानुपर्दछ।

**० दुवै देशका प्रधानमन्त्रीले विकास र समृद्धिका विषयलाई साथ-साथै लैजाने कुरा गरेका छन्, यसबाट नेपालले के कस्ता फाइदा लिन सक्छ ?**

– कसैले पनि भूगोल बदल्न सक्दैन, यदि कसैले सक्छु भन्छ भने त्यो गलत हो। नेपालको सीमाना तीन तिरबाट भारतसँग रहेको छ त्यो पनि अत्यन्तै सहज किसिमको। उत्तरको भूगोल त्यति सहज छैन। तिब्बतको भूभाग भनेको त्यति सहज भूभाग होइन, अत्यन्तै कठिन छ। त्यसमाथि भूकम्पपछि त्यो साह्रै जर्जर अवस्थामा रहेको छ। त्यसकारण हामी हाम्रो समृद्धिका लागि भारत सरकारसँगको सम्बन्ध अपरिहार्य छ।

# प्रदेश २ को सरकार सुस्त भयो



रामचन्द्र मण्डल

**मुख्यमन्त्री लगायत मन्त्रीहरू औपचारिक कार्यक्रममा मात्र व्यस्त रहेका छन्। किनभने दुई महिनाभन्दा बढी समय भइसक्दा पनि एउटा मात्र विधेयक पास हुनु भनेको हाम्रो प्रदेशको लागि दुःखद कुरा हो। यसकारण हामीले परिणाम देख्ने हो। सामान्य सभा, समारोह, गोष्ठीमा गएपछि त्यसले परिणाम ल्याउने होइन।**

प्रदेश २ सरकारलाई हामीले समर्थन भन्दा पनि विश्वास गरेका छौँ। प्रतिपक्षमा रहने गरी विश्वासको मत दिएका छौँ तर सरकारले जुन प्रकारले तीव्र गतिमा काम बढाउने पर्नु हो त्यो अहिलेसम्म सन्तोषजनक छैन। केन्द्रमा वाम सरकार गठन भएको ५६ दिन भयो र प्रदेश २मा पनि सरकार बनेको ७८ दिन भएको छ। यी ७८ दिनमा प्रदेश सरकारले आर्थिक विधेयक एउटा मात्र पेश गरेको छ। केही दिन मात्रै भयो मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार सम्बन्धी ऐन दर्ता गरियो। त्यसमा छलफल गर्न बाँकी नै छ। छलफल भएपछि त्यो विधेयक पास हुन्छ। अनिवार्य रूपमा २२ वटा ऐनहरू निर्माण गर्नुछ। साथ साथै ४१ वटा अन्य विधेयकहरू निर्माण गर्न बाँकी नै छ। यो गतिले काम गरियो भने कामले गति लिनलाई वर्षौसम्म लाग्छ। त्यसकारण सरकारमा जुन किसिमको गम्भीरता हुनुपर्ने हो त्यो छैन कि जस्तो लाग्छ।

प्रतिपक्षको हैसियतले हामीले दबाब पनि दिइरहेका छौँ। तर प्रदेश सरकार नयाँ छ, संरचना पनि नयाँ छ र यहाँ काम गर्ने पनि कोही अनुभवी छन् भने कोही नितान्त नयाँ रहेका छन्। यसले पनि समस्या आएको छ। तथापी हामीले सरकारलाई घच्घच्याएका छौँ। यो ऐन बनाउने समिति बनाउ, त्यसमा छलफल गर, सन्दर्भ सामाग्रीहरू उपलब्ध गराउ, विज्ञहरूसँग छलफल गर र त्यसबाट निस्केको निर्णयलाई संसदमा पेश गर भनेर हामीले भन्दै आइरहेका छौं।

तर सरकारले खुला व्यवस्थाका कारणले त्यो हिसाबको काम गर्न सकेको छैन। यद्यपी हामी निराश भइसकेको स्थिति छैन। यो कुरामा उनीहरूले पनि ध्यान दिनेछ भन्ने कुरामा हामी आशावादी छौँ।

मुख्य समस्या के छ भने, मुख्यमन्त्रीदेखि मन्त्रीहरू संघ-संस्था वा जनताले सामान्य कार्यक्रम राख्दा पनि उद्घाटन गर्न गइदिने यस्ता कार्यक्रममा जाँदा उनीहरूको समय बर्बाद भइरहेको छ। हामीले भनिरहेका छौँ कि दिनरात मेहनत गर र हामीलाई पनि काममा लगाउ। उनीहरूले हामीलाई यसरी खटाओस् कि कामबाट फुर्सतै नहोस्। भोलीका पुस्ताका लागि हामीले अहिले ल्याएका नियम कानुन, निर्देशन जारी गरिन्छ त्यो भविष्यका लागि पनि लाभदायी बनोस्। यसमा नितान्त मिहेनतको आवश्यक्ता छ।

हो, मुख्यमन्त्री लगायत मन्त्रीहरू औपचारिक कार्यक्रममा मात्र व्यस्त रहेका छन्। किनभने दुई महिनाभन्दा बढी समय भइसक्दा पनि एउटा मात्र विधेयक पास हुनु भनेको हाम्रो प्रदेशको लागि दुःखद कुरा हो। यसकारण हामीले परिणाम देख्ने हो। सामान्य सभा, समारोह, गोष्ठीमा गएपछि त्यसले परिणाम ल्याउने होइन। सय दिनको कार्ययोजना सार्वजनिक गरेको पनि सय दिन पुग्न लागिसक्यो। तथापी त्यसबाट परिणाम आएको हामीले देखेका छैनौं। जनताले पनि महशुस गरेका छैनन्।

कार्य योजनालाई कार्यमुखी बनाउनका लागि नियम कानुनहरू छन्। ऐन नियममा नै टेकेर कार्ययोजना बनाउन सक्छौं र परिणाममूखी पनि बनाउन सकिन्छ। ऐन नियम नै नबनी तयार भएको सय दिने कार्ययोजनाबाट परिणाम आउन सक्दैन। आधारवस्तु बनाउन जोड गर्नुपर्ने हो।

मुख्य कुरा त पहिले हामीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। केन्द्र सरकारलाई मात्र गाली गरेर हुँदैन। आफ्नो जिम्मेवारी पूरा गरिसकेपछि मात्र केन्द्र सरकारबाट आशा, अपेक्षा गरिन्छ। यदि ती अपेक्षाहरू पूरा भएन भने मात्र केन्द्र सरकारप्रति आक्रोस पोख्ने हो। तर अहिले हाम्रो काँधमा आएको जिम्मेवारी छ र त्यसलाई पूरा गर्न नसकेर केन्द्र सरकारको आशा गर्नु व्यर्थ हो। बजेट विनियोजन भइसकेको छ भन्ने सुन्छु। त्यो बजेट पनि कसरी खर्च गर्ने भन्ने नियम बनेको छैन। बजेट ल्याएर मात्र त हुँदैन, त्यसलाई राख्नका लागि संचित कोष पनि त हुनु पऱ्यो। त्यसकारणले अहिले हामीले केन्द्र सरकारलाई मात्र दोष दिएर आफू उम्कने कुरा हुँदैन। हाम्रा जुन दायित्वहरू छन् त्यो पहिला पूरा गर्नुपर्छ।

केन्द्र सरकारलाई मात्र दोष लगाउने नियत म देख्दिन तर हाम्रा आवश्यकताहरूलाई पूरा गर्नका लागि केन्द्र सरकारलाई पनि घच्घच्याइ रहनुपर्छ। तर सरकारका प्रतिनिधिहरूको यो तरिका नमिलेको हो कि जस्तो म महशुस गर्छु। किनभने आफ्ना जिम्मेवारी पूरा गरेर माग गरेको भए राम्रो हुन्छ। केन्द्र सरकार र प्रदेश सरकारको सामान्य अन्तरविरोध र बजारमा आइरहेका विषयवस्तुका आधारमा आएका अन्तरविरोधको सामना गरेर त्यो समस्या समाधान हुन्छ भन्ने मलाई लाग्दैन। हिजोको स्थिति र आजको स्थिति बदलिएको छ। हिजोको बुझाई र आजको बुझाईमा आकाश जमिनको अन्तर छ। त्यसकारण यसलाई भौतिक हिसाबले डिल गर्नु नै राम्रो हुन्छ। हिजोको बुझाईले आज काम गरियो भने त्यसले अन्तरविरोध सिर्जना गर्छ र त्यसको व्यवस्थापनमा असर गर्छ भन्ने मलाई लाग्छ।

मुख्यतः प्रदेश २ लाई नमूना प्रदेश नै बनाउने हो। यो विषयमा पनि कुरा भइरहेको छ। केन्द्र सरकारसँग के कुरा गर्न आवश्यक छ भने अहिलेसम्म कति राजश्व संकलन भएको छ र यसपटक कति संकलित हुने अनुमानित राजश्व हामी दिन्छौं र बाँकी चुहावटबाट उठेको रकम पनि राजश्वकै रूपमा संकलन गर्नेछौं तर त्यसमा प्रदेशको कति हिस्सा हुन्छ त्यो केन्द्र सरकारसँग स्पष्ट हुन जरूरी छ। हामीले जति राजश्व संकलन गर्छौं त्यसलाई नै व्यवस्थित गऱ्यौं भने पाँच गुणा बढी राजश्व संकलन हुन्छ। बढी राजश्व उठे पछि आर्थिक समस्या हुँदैन। अर्को कुरा, यो कृषिप्रधान प्रदेश हो। यहाँका कृषकहरूलाई सिँचाईको आवश्यकता छ। जमिनहरू टुक्रा-टुक्रा भएका छन्। त्यसकारण त्यसबाट उत्पादित वस्तुले उद्योगलाई हामी सघाउन सक्दैनौं। त्यसैले त्यसका लागि नयाँ कार्ययोजना बनाउनुपर्छ। कृषि उत्पादित वस्तुलाई बजारसम्म जोड्ने काम गरिनु पर्छ। भएका नदी नालाबाट सिंचाइको उपयुक्त व्यवस्था गरिनुपर्छ।

हामीले सुझाव दिने हो, काम सरकारले गर्ने हो। मलाई लाग्छ सरकारले यसलाई गम्भीर रूपले हेर्नेछ र प्रदेशको विकास गर्नेछ भन्नेमा म विश्वस्त छु।

*(प्रदेश २ का नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता मण्डलसँग मधेशवाणीका लागि गरिएको कुराकानीमा आधारित)*

# मधेशमा स्रोतको अभाव र विकासको सम्भावना



रानी शर्मा तिवारी

**मधेश** अर्थात झापा देखि कन्चनपुर सम्मका २२ जिला मधेशी/थारूहरूको आदीभुमी कसरी नेपालको हिस्सा भयो त्यसमा फरक फरक विचार र तर्क भए पनि पुर्वाधार विकास र सामाजिक विकासको सवालमा मधेशमाथी विभेद भएकोमा भने कुनै दुई मत देखिँदैन। पञ्चायती व्यवस्थामा निर्माण गरिएको महेन्द्र राजमार्ग पनि मधेशका मुख्य वस्तीहरूलाई अपायक ढँगबाट निर्माण गरियो, र सँगसँगै मधेशको प्राकृतिक श्रोत वन विनासको विधिवत शुरूवात गरियो। कैयौं स्थानमा व्यवस्थित वस्ती विकास र सुकुम्बासी व्यवस्थापनको नाममा वनजँगल फडानीलाई राज्यले निरन्तरता दिईरह्यो। पञ्चायती व्यवस्थामा महेन्द्र राजमार्गबाट मधेशका जिल्ला सदरमुकाम जोड्न निर्माण गरिएका पक्की सडकहरू प्रजातन्त्र स्थापना पछि मर्मत सम्भारको अभावमा धुले सडकमा परिणत भए बर्दीबास-जलेश्वर, जनकपुर-जलेश्वर, नवलपुर-मलङ्गवा, च.पुर-गौर लगायत मधेशका सदरमुकाम जोड्ने अधिकांश सडक धुले सडकमा बदलिएका छन्। नयाँ पक्की सडक थपिने त कुरै भएन। मधेशमा पञ्चायत र राणाकालमा निर्माण भएका भौतिक संरचना मर्मत सम्भारको अभावमा जिर्ण भएका छन्। मधेश प्रति अशिहष्णु भनेर प्रचार गरिएको राणा र शाहवंशिय शासनमा मधेशमा निर्माण गरिएको मधेशका मुख्य शहर र वस्ती जोड्ने हुलाकी राजमार्ग लाई पक्की बनाउने भनी २०१५ सालमा शिलान्यास गरिएको भए पनि हाल आएर मात्र कछुवा गतीमा काम बढेको छ। ३० वर्षे पञ्चायती व्यवस्था भरी पुर्वाग्रहका कारण निर्माण नगरिएको भनी प्रचार गर्ने लोकतन्त्रवादी हरूले २७ वर्षको प्रजातान्त्रिक/लोकतान्त्रिक व्यवस्थामा हुलाकी राजमार्ग किन निर्माण भएन भन्ने कुराको जवाब दिन जरूरी ठानेका छैनन्। अर्को तर्फ प्रजातन्त्र वा लोकतन्त्रमा देशको विकास नभएको होईन। विगत २७ वर्षमा राम्रो घोरेटो बाटो नभएको पाहाडी तथा दुर्गम जिल्लहरूमा मोटरबाटो पुगेको छन् अतरियाबाट बैतडि हुँदै दार्चुला सडक निर्माणले घनघस्याको उकालो बिर्साएको छ। सुर्खेत जुम्ला सडकले कर्णालीको पिडामा केही मल्हम अवस्य नै लगाएको छ। सोलुखुम्बु, मुस्ताङ्ग वा खोटाङ्गमा पुगेको मोटरबाटोले पाहाड हिमालको जिबन सहज बनाएको छ। त्यती मात्र होईन, निर्माणाधिन मध्यपाहाडी राजमार्गले मध्य पाहाडि भेगमा आर्थिक चहलपहल बढीरहेको छ।

निरंकुश भनिएको पञ्चायती व्यवस्थामा राजनितिक र साँस्कृतिक रूपमा मधेशलाई पूर्ण रूपमा दरकिनार गरिए पनि केही मात्रामा विकास निर्माणका काम र सरकारी संयन्त्रमा हिस्सेदारी दिईएको थियो। तर विगत २७ वर्षको र पंचायत भन्दा अगाडिको १० बर्षको प्रजातन्त्र र लोकतन्त्रमा मधेशले ठुला ठुला आन्दोलनको भरमा राजनीतिक र साँस्कृतिक अधिकार केही हदसम्म प्राप्त गरे पनि विकास निर्माणको सवालमा मधेशलाई पुरै नजरअन्दाज गरियो।

राज्यले मधेशप्रति गरेको विभेद न्युनिकरण गर्न र मधेशीलाई अपनत्व महशुस गराउन संस्थागत रूपमा २०१५ साल देखि मधेशबाट उठेको संघियताको मागले आन्दोलनका विभिन्न चरण र रूप पार गर्दै गएपछि, २०७२ सालमा जारी भएको नेपालको संविधानले संघियतालाई मुर्त रूप दियो।

> **मधेशको विकासको कुरा गर्दा अल्पमतको रूपमा विभिन्न प्रदेशको हिस्सा बनाइएका मधेशका जिल्लाहरूको आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक विकासको गति हिजोको केन्द्रिकृत राज्यमा भन्दा पनि कम हुन सक्ने आशंका मधेशी समुदायमा छ।**

तर मधेशले माग गरे झैं मधेश भुमीलाई मात्र समेटेर १ वा बढीमा २ प्रदेश बनाउनु को सट्टा मधेशको सप्तरी देखि पर्सा सम्मको मधेशका ८ जिल्ला समेटेर प्रदेश नं २ बनाईयो। तर मधेशका बाँकी जिल्लाहरूलाई प्रदेश नं १, ३, ५, ६ र ७ मा राखियो। यसबाट मधेशका जिल्लाहरू ती प्रदेशहरू भित्र अल्पमतमा परेका छन्।

मधेशको विकासको कुरा गर्दा अल्पमतको रूपमा विभिन्न प्रदेशको हिस्सा बनाईएका मधेशका जिल्लाहरूको आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक विकासको गति हिजोको केन्द्रिकृत राज्यमा भन्दा पनि कम हुन सक्ने आशंका मधेशी समुदायमा छ। तर प्रदेश नं २ मा रहेका जिल्लाहरूमा अब मधेशका जिल्लाहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, विकासले गती लिने आशा पलाएको छ। केही व्यक्तिहरू जसले मधेश मात्र समेटेको प्रदेश निर्माण गरिनु हुँदैन भनेर अभियानचलाई रहेका थिएतिनले प्रदेश नं. २ मा श्रोत साधन कम भएकोले यो प्रदेशले समृद्धि हासिल गर्न नसक्ने तर्क गरिरहेका छन्। जल-विद्धुत, जङ्गललाई मात्र श्रोत देख्ने वा देखाईएकाहरू, पर्यटन पाहाडमा मात्र हुन्छ भन्ने भ्रम पालेकाहरूले यसो सोच्नु स्वभाविक पनि हो। परम्परागत रूपमा नेपालमा श्रोत र साधन तिनै हुन भनेर बुझिएको र बुझाईएको छ। जल-विद्धुत, जङ्गल, पर्यटन पनि निश्चित रूपमा श्रोत हुन तर ति मात्रै श्रोत होईनन्। प्रदेश नम्बर २ मा मानव श्रोत, कृषि योग्य भुमीको उपलब्धता, औद्योगिक विकासको सम्भावना अन्य प्रदेशको तुलनामा बढी छ। निर्यातमुखि कृषिको विकास, औद्योगिकरणले यस प्रदेशलाई समृद्ध बनाउन सक्छ। यी कामका लागि दक्ष, अर्धदक्ष मानव श्रोतको उपलब्धता पनि यस प्रदेशमा प्रसस्त छ। समथर भुमीका कारण यस प्रदेशमा पुर्वाधार विकास गर्न पनि सहज र सस्तो छ। पाहाड/हिमालमा १०० किलोमिटर सडक बनाउन लाग्ने रकमले यस प्रदेशमा ५०० किलोमिटर सडक निर्माण गर्न सकिन्छ। आम्दानी कम हुने भनिएको प्रदेश नं.२ मा पूर्वाधार विकासमा पनि खर्च कम गरे पुग्ने अवस्था छ। प्रदेशका गाउँ नगरमा स्थानिय तहको निर्वाचनपछि सडक लगायतका पूर्वाधार विकासको गती पाहाडी प्रदेशहरूका गाउँ नगरभन्दा बढी देखिएको छ। कारण हो सुगमता र कम खर्चमा हुने भौतिक निर्माण। जबकी गाउँपालिका र नगरपालिकाहरूले कर्मचारी तन्त्रबाट असहयोग व्यहोरेको र नयाँ संरचनाका कारण काम गर्न सहज हुन समय लागिरहेको गुनासोहरू सुनिने गरेका छन्। अहिलेको स्थानिय सरकारको गतीलाई हेर्दा आगामी ५ वर्षमा प्रदेशका अधिकांश ग्रामीण/नगर सडकहरू पक्की भईसक्ने अनुमान सहजै गर्न सकिन्छ। यसले कृषकको पहुँच बजार सम्म पुर्याउन सहज बनाउनेछ।

प्रदेश सरकार आफ्ना लागि आवश्यक कानुन बनाउँदै गरेको अवस्थामा छ। विभिन्न विधेयकहरू प्रदेशसभामा पेश हुने र पास हुने क्रम जारी छ। प्रदेशका कानुनहरू बनेपछी प्रदेशले वास्तविक अर्थमा कामको थालनी गर्न सक्नेछ। तर प्रदेश सरकारले सामाजिक विकासका केही क्षेत्रमा सुधारका लागि केही कदम चाल्ने घोषणा गरिसकेको छ। केन्द्र सरकारले अगाडि सारेका हुलाकी सडक लगायतका सडकहरूको कामलाई इमान्दारी पुर्वक अगाडि बढाएमा, आगामी ५ वर्षमा पक्की सडक संजाल मधेशभरी हुनेछ। प्रदेश सरकारले केन्द्र सरकारले निर्माण गरेका सडक/राजमार्ग र स्थानिय सडकलाई जोड्ने लिङ्क रोडहरू बनाउने, सहर विकास गर्ने लगायतका भौतिक निर्माण सम्बन्धी कामहरू गर्नुपर्नेछ। तसर्थ प्रदेश सरकारले भौतिक विकासमा अन्य प्रदेशको तुलनामा कम निकै कम खर्च गरे पुग्ने अवस्था छ। तर प्रदेशको दिर्घकालिन विकासका लागि मधेशको कृषिलाई आधुनिकिकरण गर्न जरूरी छ। टुक्रे र सिँचाई बिनाको खेतीले व्यवसायिकता पाउन सक्दैन। कृषिलाई निर्यातमुखी र आधुनिकिकरण गर्न अहिले खण्डिकृत रूपमा रहेको कृषि भुमीलाई चकलाबन्दी गर्ने र सिँचाईको व्यवस्था गर्ने कामलाई सँग सँगै अगाडि बढाउनु पर्दछ। यसका साथै कृषी उपजको उच्च मुल्य प्राप्तिका लागि अर्गानिक खेतीका लागि कृषकलाई तालिम र प्रोत्साहन दिईनु पनि उतिकै आवश्यक छ। साथै अर्गानिक उत्पादनको सहज प्रमाणिकरणको समेत व्यवस्था गरिनु आवश्यक हुन्छ। अर्को तर्फ प्रदेशमा औद्योगिकरणका लागि उद्योग मैतृ वातावरण निर्माण हुनु अती आवश्यक छ। यसका लागि बन्द हडताल मुक्त माहौलको प्रत्याभुती हुनुपर्छ उद्योग धन्दाहरूमा। त्यहाँ काम गर्ने कामदारको अधिकार सुनिश्चित त गरिनै पर्छ, तर कुनै पनि बहानामा उद्योगमा हडताल गर्नृ परिपाटीलाई कडाईका साथ प्रतिबन्धित गरिनुपर्छ। प्रदेश सरकारको अधिकार क्षेत्रमा भएको करमा समेत छुटको व्यवस्था गरी यस प्रदेशमा उद्योग संचालन गर्न चाहनेलाई प्रोतसाहन गरिनुपर्दछ। उद्योगहरूको सुरक्षाको लागि प्रदेश प्रहरीमा विशेष सेल नै बनाउनु पर्दछ। उद्योगहरूलाई निरन्तर उर्जा आपुर्ती (केन्द्र वा भारतबाट बिजुली खरिद गरेर भए पनि) को प्रत्याभुती गरिनुपर्दछ। २ नं प्रदेशमा अर्को सम्भावना बोकेको क्षेत्र भनेको पर्यटन हो। यस प्रदेशमा रहेको सांस्कृतिक नगर जनकपुर, ऐतिहासिक स्थल सिम्रौन गढ, सहलेश, गढीमाई, छिन्नमस्ता, जलेश्वरनाथ लगायतका स्थानहरूको पर्यटकिय विकास गरी धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रदेशको आयश्रोतको मुख्य आधार मध्ये एक बनाउन सकिन्छ। यसका साथै प्रदेशमा रहेको चुरे क्षेत्रलाई मानव वस्ती मुक्त गरी जङ्गलको रूपमा विकास गरिएमा यसले पर्यटनमा वृद्धि गर्नुका साथै मधेश भुमीलाई मरूभुमिकरणबाट समेट बचाउनेछ।

समग्रमा भन्दा कम श्रोत र सम्भावना देखिएको प्रदेश नं. २ मा विचार पुर्याएर योजनावद्ध रूपमा यहाँको आन्तरिक श्रात साधनलाई उपयोग गरी अगाडि बढ्न सके यस प्रदेशलाई आगामी १० वर्षमा देशकै नमुना समृद्ध प्रदेशको रूपमा विकास गर्न सकिन्छ। यसले मधेशका जनताले देखेको सपना कमसे कम प्रदेश नं. २ मा रहेको मधेशको जिल्लामा पुरा हुनेछ।

*(लेखक : सांसद, प्रदेशसभा, प्रदेश नं. २, वरिष्ठ उपाध्यक्ष, राजपा)*

## हार्दिक श्रद्धाञ्जलि

जन्म मिति:
वि.सं. २००८ जेष्ठ १२ गते



स्वर्गारोहण:
वि.सं. २०७४ चैत्र १६ गते

**स्व. खुमबहादुर खड्का**

माता चन्द्रकली खड्काको कोखबाट पिता टेकबहादुर खड्काको पुत्र रत्नका रूपमा दाङ भैंसापथ्रामा जन्म लिनु भएका नेपालका **पूर्व गृह मन्त्री तथा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं आदरणीय नेता खुमबहादुर खड्का**को उपचारका क्रममा नयाँदिल्ली स्थित एपोलो अस्पतालमा असामयिक निधन हुन गएकोले शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरून् भन्ने प्रार्थना गर्दै श्रद्धेय दिवङ्गत आत्माको चीरशान्तिको लागि हामी सम्पूर्ण संस्था एवं व्यक्तिहरू हार्दिक समवेदना व्यक्त गर्दछौं।

मोहनसिंह खड्का (गल्फुटार, काठमाडौं)
अध्यक्ष
मष्टो कुलदेवता प्रतिष्ठान एवं खड्का क्षत्री महासमाज
रामबहादुर खड्का (सिद्धेल भक्तपुर)
अध्यक्ष
खड्का समाज सेवा प्रतिष्ठान
गोवर्धन खड्का (दुवाकोट भक्तपुर)
अध्यक्ष
लकाई खड्का क्षत्री समाज
केशरबहादुर खड्का (चपली काठमाडौं)
उपाध्यक्ष
खड्का क्षत्री महासमाज
कुमार कार्की (बाम्ती रामेछाप)
प्रमुख सल्लाहकार
क्षत्री समाज राष्ट्रिय महासंघ केन्द्रीय कार्य समिति

राजेश खड्का
संस्थापक अध्यक्ष
जेम्स स्कुल, धापाखेल ललितपुर
राम्बहादुर खड्का (आलापोट काठमाडौं)
उपाध्यक्ष
गर्गगोत्रीय खड्का कल्याणकारी समाज
मधुसुदन खड्का (कपन काठमाडौं)
सचिव
गर्गगोत्रीय खड्का कल्याणकारी समाज
दिपकराज खड्का (नलिन्चोक भक्तपुर)
संगठन संयोजक
गर्गगोत्रीय खड्का कल्याणकारी समाज
विमला खड्का (खाडे दाङ)
मानबहादुर थापा
अध्यक्ष
संयुक्त खस क्षत्री नेपाल (परिवार)

प्रेमबहादुर खड्का
पूर्व अध्यक्ष
नेपाल बार एशोसियशन
ई. विनोद खड्का (भाटभटेनी ललितपुर)
कोषाध्यक्ष
प्रेमलाल खड्का स्मृति प्रतिष्ठान
विष्णु कुमार खड्का (कमल) (तीनथाना काठमाडौं)
कोषाध्यक्ष
क्षत्री समाज राष्ट्रिय महासंघ केन्द्रीय कार्य समिति
अनन्तबहादुर खड्का (नौडाडबरा दाङ)
समाजसेवी एवं कृषि उद्योगी
विष्णुबहादुर खड्का (खाडे दाङ)
अध्यक्ष
क्षत्री समाज राष्ट्रिय महासंघ केन्द्रीय कार्य समिति (परिवार)

## मधेश अपडेट

### राज्यले विभेद गरेकोले विकास भएन : मन्त्री सोनल

कलैया। प्रदेश २ का भौतिक पूर्वाधार तथा विकासमन्त्री जितेन्द्र सोनलले राज्यको विभेदकारी नीतिका कारण मधेशको विकास हुन नसकेको आरोप लगाएका छन्। बाराको देवताल गाउँपालिका वार्ड नम्बर ७ को रमपुर्वा फुलवरिया घाटको झुलंगे पुल शिलन्यास गर्दै मन्त्री सोनलले यस्तो आरोप लगाएका हुन्। सिलन्यास कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सोनलले मधेशीले वर्षौंदेखि देखेको विकासको सपना अब पुरा गर्ने कार्यको सुरूवात भइसकेकोले केही वर्षभित्रै विकास कार्यले पूर्णता पाउने बताए। मधेशका अधिकांश सडकको डिपिआर गर्न निर्देशन दिसकेकोले छिटै नै विकास कार्यले तीव्रता पाउने बताएका छन्। 'गाउँ र सदरमुकाम जोड्ने सबै सडक तथा गाउँ-गाउँमा सजिलै एमबुलेन्स, दमकल पुग्नसकने अवस्था बनाउन सडक निर्माण र पुल निर्माणतर्फ मेरो ध्यान रहेकोले यस कार्यको गाउँका जनताको सहयोग आवश्यक छ', मन्त्री सोनलले भने।

### जन्मकैद सजाय पाएका मेयर पदमै बहाल

राकेश यादव, रौतहट। उच्च अदालत जनकपुरको इजलास वीरगंजले हिन्दू युवा संघ पर्साका सस्थापक अध्यक्ष काशीनाथ तिवारीको हत्यामा दोषी ठहर गर्दै जन्मकैदको सजाय सुनाए पनि रौतहटको कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहा नगरपालिका कार्यालयमा प्रमुखको हैसियतले कामकाज गरिरहेका छन्। सरकारवादी फौजदारी मुद्दामा दोषी ठहर भई सजाय पाएका व्यक्ति सरकारी कामकाजको जिम्मेवारी बहन गर्न नसकिने क़ानूनी व्यवस्था भएपनि मेयर कुशवाहा कानूनको धज्जिया उडाउँदै पदमै बहाल रहेका छन्। गएको फाल्गुन २८ गतेमा २० वर्षको जेल सजायको फैसला पुनरावेदन अदालतले गरे पनि शुक्रबार सो फैसला अस्थायी इजलास वीरगंजका रजिस्टार बाबूराम दहालले सार्वजानिक गरेका थिए। अदालतको आदेशपछि सरकारी काममा खटिन नमिल्ने संविधान विरूद्ध डाक्टर भिमार्जुन आचार्यले बताएका छन्। अपराधमा दोषी सावित भएको व्यक्तिले कुनै पनि सार्वजनिक पदमा निर्दोष सावित नभएसम्म बस्न नमिल्ने उनको तर्क छ। अदालतले दोषी ठहर गरेकै दिनदेखि स्वत: निलम्वन भएका मेयर कुशवाहाले कामकाज गर्न नपाउने कानून व्यवसायी रामविनोद गिरीले बताएका छन्। फैसला भएलगतै हिरासतमा जानुपर्ने नभए प्रहरीले पक्राउ गरेर फैसला कार्यान्वयन गरिनु पर्ने क़ानूनी व्यवस्था रहेको छ। मोटरसाइकल चालक बाराको हरैया निवासी अमन कुशवाहा कारागारमा रहेका छन् भने दोषी ठहर भएका कुशवाहा कार्यालयमा कामकाज गर्दै गरेका छन्। अपराधीलाइ पक्राउ गर्नुको साटो रौतहट प्रहरी सुरक्षा प्रदान गरिरहेका छन्।

### "जनताबाट संकलित सुझाव प्राथमिकतामा"

वीरगंज। एशियाली विकास बैंक (एडिबि)को सहयोगमा चलिरहेको विकास निर्माणका कार्यहरूमा तीव्रता ल्याउनु पर्ने धारणा सरोकारवालाहरूले व्यक्त गरेका छन्। वीरगन्ज महानगपालिकाका लागि शोमबार आयोजना अभिमुखिकरण कार्यक्रममा सहभागीहरूले यस्ता धारणा व्यक्त गरेका छन्। एडिविको आर्थिक अनुदानमा संचालित परियोजनाहरूलाइ आउने पौष मसान्तसम्म सम्पन्न गर्नुपर्ने र दोश्रो चरणको परियोजना लागुहने भएकोले निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता र सहयोगमा ढल तथा सडक निर्माण कार्यमा तीव्रता दिनुपर्ने सुझाव सहभागीहरूले व्यक्त गरेका थिए। कार्यक्रममा बोल्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले स्थानीय निकाय विगतको वर्षको जनप्रतिनिधिविहीन रहेकोले अहिले धेरै अपेक्षा राख्नु स्वाभाविक भएको बताउँदै विकास निर्माणका कार्यक्रमहरूमा तस्व्रता दिने बताए। उनले जनता मेयर आमने सामने कार्यक्रमको माध्यमबाट हरेक वडावासीसँग छलफल गरि आगामी विकास निर्माणका योजनाहरू छनौट गरिने बताए।

### वौद्ध सम्मेलनमा २३ मुलुकको सहभागिता हुने

रूपन्देही। आगामी वैशाख १५ र १६ गते लुम्विनीमा आयोजना हुने अन्तरराष्ट्रिय वौद्ध सम्मेलनमा संसारका २३ वटा मुलुकहरूले सहभागीता जनाउने भएका छन्। ति मध्ये १३ मूलुकका धार्मीक तथा संस्कृति मन्त्रीहरूले नै सम्मेलनमा सहभागीता जनाउने कार्यक्रम रहेको कोषले जनाएको छ । अन्य राष्ट्रका तर्फबाट बौद्ध संस्थाका प्रतिनिधिहरूले सहभागीता जनाउने जानकारी आएको छ। हालसम्म भारत,जापान,फ्रान्स,यूके,पोल्याण्ड,मलेसिया,जर्मन र श्रीलंका लगायतका राष्ट्रले सहभागीता जनाउने पक्का भएको छ। बैशाख १५ र १६ गते आयोजना हुने वौद्ध सम्मेलन र १७ गतेको बुद्ध जयन्ती मूल समारोहको तयारीमा जुटेको लुम्विनी विकास कोषले दुवै कार्यक्रमको प्रारम्भीक तयारी पुरा भएको जनाएको छ। कोषका निमित्त सदस्य सचिव सरोज भट्टराइका अनुसार सम्मेलनमा १५ वटा मुलुकका बौद्ध प्रतिनिधिहरूले कार्यपत्र प्रस्तुत गर्नेछन्।

### तीन जिल्ला डेंगुको जोखिममा

झापा। झापासहित तराईका तीन जिल्लामा डेंगु रोगको संक्रमण उच्च देखिएको छ। स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकले झापा, रूपन्देही र महोत्तरीमा संक्रमण दर उच्च रहेको देखाएको छ। गत वर्ष रूपन्देहीमा सबैभन्दा बढी ६७७ जनामा डेंगुको संक्रमण भेटिएको थियो। उच्च जोखिममा देखिएकामध्ये झापा दोस्रो स्थानमा पर्छ। महाशाखाका अनुसार तेस्रो जोखिमको जिल्ला महोत्तरी हो। त्यहाँ गत वर्ष ४३८ जनामा डेंगु भेटिएको थियो। महाशाखाका डा विवेककुमार लालका अनुसार डेंगुका कारण गत वर्ष झापासहित तीन जिल्लामा तीन जनाको मृत्यु भएको थियो। डा लालले डेंगु संक्रमण उच्च देखिएका जिल्लामा सचेतनामूलक कार्यक्रम शुरू गरिएको बताए।

### मन्त्री सोनललाई ज्यान मार्ने धम्की

जनकपुरधाम। प्रदेश २ का भौतिक पूर्वाधारमन्त्री जितेन्द्रप्रसाद सोनारलाई अज्ञात व्यक्तिबाट ज्यान मार्ने धम्की आएको छ। प्रदेश नं २ का आन्तरिक मामिला तथा कूननमन्त्री ज्ञानेन्द्रकुमार यादवले यस्तो कार्यप्रति प्रदेश सरकार गम्भीर भएको बताएका छन्। मंगलबार बसेको प्रदेशसभा बैठकमा प्रदेशको शान्ति सुरक्षाका सम्बन्धमा जानकारी गराउँदै उनले पूर्वाधारमन्त्री सोनारलाई विशेष सुरक्षा प्रदान गरिने जानकारी दिए। प्रदेशसभा सदस्य मनिषकुमार सुमनले प्रदेशसभाको अघिल्लो बैठकमा भौतिक पूर्वाधारमन्त्री सोनार सप्तरीमा सरसफाइ कार्यक्रममा सहभागी भएको बेला सशस्त्र समूहबाट ज्यान मार्ने धम्की आएको जानकारी गराएका थिए।

### वर्षाका कारण करोडौंको इँट्टा नोक्सान

नेपालगञ्ज। भारी वर्षाले यहाँका विभिन्न इँटाभट्टाका करीब रू एक करोड बराबरको काँचो इँटा नोक्सान भएको छ। गर्मी चढ्न लागेका बेला परेको पानीले शीतलताको अनुभूति भए पनि बाली पाकेर भित्र्याउन लागेका किसानलाई पनि ठूलै मर्का परेको छ। झरीले काटेर खेतमा राखेको गहुँ बालीलाई सबैभन्दा बढी क्षति पुर्‍याएको छ। अधिकांश किसानका चना, केराउ र मसुरोलगायत नगदेबाली पनि खेतमा भिजेर नोक्सान भएको छ।

### जनप्रतिनिधिको राजीनामा माग

बुटवल। विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले समानान्तर सत्ताको नाममा चलाउँदै आएको जनसत्ताले स्थानीय तहका जनप्रतिनिधीहरूसँग तत्कालै राजीनामा दिन भन्दै पत्राचार गरेको छ। नेकपा बनाएको अवध स्वायत्त प्रदेशअन्तर्गतका सबै जिल्लाहरूमा राजीनामा दिन भन्दै पत्राचार गरेको सो पार्टीले जनाएको छ। नेकपाले लुम्बिनीका पाल्पा, गुल्मी, रूपन्देही, नवलपरासी, नवलपुर लगायतका जिल्लामा रहेका गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरूलाई पत्र पठाएर तत्काल राजीनामा दिन भनेको हो। अर्बौं रूपियाँ लुट्ने, कालो धनलाई सेतो बनाउने, जनतासँग अनावश्यक करहरू उठाएर जनतालाई दु:ख दिने गरेको भन्दै यसो नगर्नको लागी र बैज्ञानिक समाजवाद स्थापनार्थ सहयोग गर्न राजीनामा दिनको लागी अपिल गरिएको पत्रमा उल्लेख छ। यता रूपन्देहीको बुटवल उपमहानगर प्रमुख शिवराज सुवेदीलाई कार्यकक्षमै पुगेर पत्र बुझाएका छन् भने अन्य नगरपालिका तथा गाउँपालिकाहरूलाई समेत पत्र पठाईएको सो पार्टीले जानकारी दिएको छ।

## शुभकामना

नयाँ वर्ष २०७५ को सुखद अवसरमा समस्त ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

नेपाल टेलिकम परिवार

# समृद्धि हाम्रो साझा लक्ष्य : ओली

सम्माननीय प्रधानमन्त्री मोदीज्यू, दुवै देशका अधिकारीहरू, मिडियाका तर्फबाट प्रतिनिधित्व गर्ने विशिष्ट साथीहरू,

प्रधानमन्त्री मोदीसँग दुई वर्षअघि यही मञ्चमा सप्रेम भेट भएको मलाई सम्झना छ। नेपालले त्यसपछि व्यापक रूपमा अनेक परिवर्तन हाँसिल गरेको छ। गत चुनावमार्फत राजनीतिक स्थायित्वतर्फ उन्मुख भएपछि 'समृद्ध नेपाल : खुसी नेपाली' को उद्देश्यसहित नेपाल अब सामाजिक-आर्थिक विकासको यात्रामा अग्रसर छ। एक्काईसौं शताब्दीको यथार्थअनुरूप सम्बन्ध सुधारी त्यसलाई नयाँ उचाइमा लैजाने बाटो पहिल्याउन र साधन खोज्ने उद्देश्यका साथ म यसपटक भारत आएको छु।

हामी हाम्रा दुई छिमेकीसँग विश्वासमा आधारित बलियो सम्बन्ध स्थापित गर्न चाहन्छौं। हामी सम्बन्धको नमुना सिर्जना गर्न चाहन्छौं, जसले हामी मात्र होइन, हाम्रो भावी पुस्तालाई पनि हाम्रा उपलब्धिमा उत्तिकै गौरवान्वित महसुस गराओस्। सदाका लागि अपेक्षा रहने खालको सम्बन्ध होस् हाम्रो। म प्रधानमन्त्री मोदीका नरम शब्दप्रति धन्यवाद दिँदै आफ्नो मन्तव्य सुरू गर्न चाहन्छु। नेपाल र भारतबीचको दुईपक्षीय सम्बन्धका बारेमा उहाँले व्यक्त गरेको भावनासँग म पूर्णरूपमा सहमत छु।

हाम्रो आगमनपछि भारत र यहाँका जनताले यो महान् सहरमा मलाई र मेरो प्रतिनिधिमण्डललाई दिएको न्यानो स्वागत र उदार आतिथ्यप्रति कृतज्ञ छु। सम्माननीय राष्ट्रपति रामनाथ कोविन्दले प्रतिष्ठित राष्ट्रपति भवनमा बस्न बोलाएर अनुग्रह गर्नुभएको छ र उहाँको निवासमा पाहुनाका रूपमा बस्न पाउनुमा हामीले सम्मानित महसुस गरेका छौं। भारतका आत्मीय व्यक्तिहरू र भारत सरकारका लागि मैले नेपाल सरकार र नेपाली जनताका तर्फबाट शुभेच्छा र शुभकामना लिएर आएको छु।

नेपालको प्रधानमन्त्रीका रूपमा यो मेरो दोस्रो भारत भ्रमण हो। हाम्रा देशबीचका गहिरा र बहुमुखी सम्बन्धका बृहत् कार्यसूचीबारे दुई वर्षअघि प्रधानमन्त्री मोदीसँग लामो विचार-विमर्श गरेको बारेमा मसँग मीठो सम्झना छ। मैले यसपटकको भ्रमणलाई उच्चस्तरीय राजनीतिक तहमा हुने संवाद जारी राख्ने अझ अर्को महत्वपूर्ण अवसरका रूपमा लिएको छु। नेपालको संघीय र प्रान्तीय चुनावलगत्तै हाम्रो चुनावी सफलता र उतिखेर बन्दै गरेको नयाँ सरकारलाई प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट शुभकामना सन्देश दिन भारतीय विदेशमन्त्री सुष्माजीले नेपाल भ्रमण गर्नुभयो। म मुक्तकण्ठले उहाँ (मोदी) को चिन्तनशील कदमको प्रशंसा गर्छु।

प्रिय मित्रहरू,

भारतसँगको सम्बन्धलाई नेपालले विशेष महत्व दिन्छ। दुई देशबीच युगौं पुरानो ऐतिहासिक नाता छ। दुवै देशले एकअर्कालाई दिन मिल्ने धेरै कुरा छन्। हाम्रा देशबीच पर्यावरणीय र आर्थिकदेखि थुप्रै विषय अन्तरसम्बन्धित छन्। निकटको छिमेकी भएका कारण हाम्रो नियति एकअर्कासँग जोडिएका छन्। समृद्धि हाम्रो साझा लक्ष्य हो। अरूसँग भन्दा छिमेकीसँगको नाता बेग्लै हुन्छ। छिमेकको यर्थाथले समता, न्याय, आपसी सम्मान र साझा नियतीको सिद्धान्तमा आधारित शान्तिपूर्ण सहअस्त्वित सिर्जना गर्छ। हाम्रो दौत्य सम्बन्धको सम्पूर्ण अवस्थाको पुनरावलोकन र भविष्यको मार्ग पहिल्याउन सुझाव पेस गर्न म्यान्डेट दिइएको नेपाल-भारत प्रबुद्ध समूहले दुवै देशका सम्बन्धका बारेमा गरिरहेको कामबारे प्रधानमन्त्री नरेन्द्र मोदी र मैले सन्तोष व्यक्त गर्यौं।

हामीलाई आशा छ- प्रबुद्ध समूहले उपयोगी सुझावहरू पेस गर्नेछ। प्रधानमन्त्री मोदी र मबीच हाम्रा साझा स्वार्थका थुप्रै विशेष कार्यसूचीबारे रचनात्मक विवेचना भए। कसरी हामीबीचको सहयोगात्मक सम्बन्धलाई उन्नत, गहिरो र अझ विस्तृत बनाउन सक्छौं भन्नेबारे आफ्ना धारण आदानप्रदान गर्‍यौं। वृद्धि र विकासको प्रत्येक क्षेत्रमा भारतले गत दुई दशकमा गरेको अतुलनीय प्रगतिका लागि मैले प्रधानमन्त्री मोदीलाई बधाइ दिएँ। सो प्रगतिलाई नेपालले आफ्नो विकासका लागि अवसरका रूपमा हेरेको छ।

भारतीय प्रधानमन्त्रीसँग नेपालले खासगरी प्रचुर जलशक्तिजस्ता अप्रयुक्त स्रोतसाधनको प्रयोग महत्वपूर्ण रहेको र त्यसका लागि भारतको सार्वजनिक र निजी क्षेत्रबाट थप लगानी चाहेको मैले बताएँ। जारी पञ्चेश्वर, अरूण तेस्रो र उपल्लो कर्णालीबारेको हाम्रा प्रारम्भिक अनुभूतिले अपेक्षित प्रेरणा प्रवाह गर्नेछन् र भविष्यमा यस्तैखाले अन्य परियोजनाका लागि त्यो सकारात्मक आधारशिला बन्नेछन् भन्नेबारे हामी दुवैले जोड दियौं। अन्तर्देशीय जलविद्युत् व्यापारबारे निर्देशिका र नियम बनाउनेबारे भारतको प्रयासलाई मैले प्रशंसा गरें। यो वास्तवमै एक अग्र कदम हो।

यद्यपि, दुईपक्षीय विद्युत् व्यापारका सम्बन्धमा खुला बजार प्रावधानको छिटै महसुस होस् भन्ने नेपालको चाहनाबारे मैले सन्देश दिएको थिएँ। विद्युत् व्यापारसम्बन्धी सो सहमति सन् २०१४ मा भएको थियो। मोदीजीको सकारात्मक निर्देशनका लागि उहाँलाई विशेष धन्यवाद।

दुई देशबीच युगौं पुरानो ऐतिहासिक नाता छ। दुवै देशले एकअर्कालाई दिन मिल्ने धेरै कुरा छन्। हाम्रा देशबीच पर्यावरणीय र आर्थिकदेखि थुप्रै विषय अन्तरसम्बन्धित छन्। निकटको छिमेकी भएका कारण हाम्रो नियती एकअर्कासँग जोडिएका छन्। समृद्धि हाम्रो साझा लक्ष्य हो।

आउँदो केही वर्षसम्म वर्षायाममा नेपालमा अतिरिक्त बिजुली हुनेछ र सुक्खायाममा कम बिजुली हुनेछ। जबकि भारतलाई गर्मीयाममा धेरै विद्युत् आवश्यक पर्छ। यो समपूरक विद्युतीय आवश्यकतालाई ध्यानमा राख्दै विद्युत् ब्यांकिङको महुससबारे हामीले कुरा गर्‍यौं। नयाँ प्रसारण लाइन निर्माणबारे पनि कुरा गर्‍यौं। जलस्रोत र यसबारे कुरा गर्दा वर्षायाममा नेपालका तल्लो क्षेत्रमा हुने बाढीप्रकोप बारम्बारको समस्या बन्ने गरेको छ। यो समस्यामा उपयुक्त समाधान खोज्नेबारे हामीले जोड दियौं।

पूर्वाधार र कनेक्टिभिटी दुईपक्षीय सम्बन्धका प्रमुख कार्यसूची हुन्। हामी सहज भूगोलले जोडिएका छौं र पनि हाम्रा अन्तर्देशीय पूर्वाधार अझै कमजोर छ। दुवै देशका प्रमुख नाकाका केन्द्रसँग निकटको हाइवेसँग सडक सञ्जाल विस्तारलगायतका अन्तर्देशीय नाका पूर्वाधार सुधार र स्तरोन्नतिबारे हामीले छलफल गर्‍यौं। दुई स्थानमा अन्तर्देशीय रेलको विकास हुँदैछ र अन्य तीन स्थानमा छिटै काम सुरू गर्नेबारे सहमति गर्‍यौं। बाँकी चार एकीकृत जाँच चौकीको काम छिटो सक्नेबारे कुरा गर्‍यौं।

कनेक्टिभिटीका कुरा गर्दा समुद्रमार्फत जोडिने सम्भावनाबारे पनि हामीले छलफल गर्‍यौं। यो सन्दर्भमा हाम्रो अन्तर्देशीय जलमार्गबारेको प्रस्तावलाई सकारात्मक रूपमा लिएकोमा मैले मोदीजीलाई धन्यवाद दिएँ। परिष्कृत कनेक्टिभिटीले निश्चय नै ल्यान्डलक्ड (भूपरिवेष्ठित) को सट्टा ल्यान्डलिंक्ड (जमिनमार्फत जोडिने) हाम्रो चाहनालाई योगदान पुर्‍याउनेछ। आर्थिक सम्बद्धताको विस्तार, खासगरी दुईपक्षीय व्यापार अभिवृद्धि, पारवहन सुविधाको सहजीकरण र लगानी वृद्धिमा हाम्रो भविष्य निर्भर छ। मैले प्रधानमन्त्री मोदीजीसँग नेपालको डरलाग्दो व्यापार घाटा तथा नेपालको निर्यात बढाउन तय गर्नुपर्ने मापदण्डबारे जोड दिएँ।

कृषि ती क्षेत्रमध्ये एक हो, जसमा भारतले महत्वपूर्ण प्रगति गरेको छ र त्यसबाट नेपालले सिक्न सक्छ। यस कुरालाई ध्यानमा राख्दै म आइतबार जीबी पन्त कृषि तथा प्रविधि विश्वविद्यालय पन्तनगरको भ्रमणमा जाँदैछु र यो व्यवस्था मिलाएकोमा भारत सरकारलाई धन्यवाद दिन चाहन्छु। विकासका खासगरी तीन क्षेत्रमा हामी दुवैले विशेष परिणाम हाँसिल गर्दैछौं : कृषि, रेल सञ्जाल र जलमार्ग।

प्रधानमन्त्री र मैले भारत सरकारको उदार सहयोगमा नेपालमा हुँदै गरेका भूकम्पपश्चात्को पुनर्निर्माण परियोजनालाई द्रुततर गतिमा लैजानेबारे पनि छलफल गर्‍यौं। दुवै पक्षको सर्वेक्षणमार्फत काम सुरू गरिएका र समयसीमा तोकिएका प्राविधिक कामको प्रगतिबारे हामीले ध्यान दियौं र सम्पूर्ण रूपमा सीमापार व्यापारका समस्या सम्बोधन नहुन्जेल यथास्थिति कायम राख्नेबारे हाम्रो बुझाइ रह्यो। यस क्षेत्रका जनताको साझा समृद्धिका लागि क्षेत्रीय र उपक्षेत्रीय सहयोग आवश्यक रहेको हामीले ठहर गर्‍यौं।

अन्त्यमा, प्रिय मित्रहरू, हामीले हाम्रो सम्बन्ध मजबुत बनाउन ती सहजता निर्माण गर्नैपर्छ। जनताका निम्ति हाम्रो सम्बन्ध फलदायक बनाउन हामीले यो अवसर छोप्नैपर्छ। निकट छिमेकीका नाताले हाम्रो एउटै नियती छ र यसो हुँदा समृद्धिका लागि सामूहिक प्रयत्न आवश्यक छ। दुई देशको उच्च तहमा निरन्तर संलग्नता आवश्यक रहेको बारे हामी सहमत भयौं। छिटै उपयुक्त समय मिलाएर नेपालको भ्रमण गर्न मैले प्रधानमन्त्री मोदीजीलाई दिएको निमन्त्रणालाई नवीकरण गरें। मलाई आशा छ, भ्रमण छिटै हुनेछ। तपाईंहरू सबैको गम्भीर चासोका लागि धन्यवाद।

*(प्रधानमन्त्री अकेपी शर्मा ओलीले नयाँदिल्लीस्थित हैदराबाद हाउसमा आयोजित संयुक्त पत्रकार सम्मेलनमा दिएको मन्तव्य)*



# विकासमा साझेदारीको लामो इतिहास छ : मोदी

हाम्रो छिमेकी मित्रराष्ट्र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रधानमन्त्री सम्माननीय केपी शर्मा ओलीज्यू, भ्रमण दलका माननीय सदस्य तथा उपस्थित मिडियाका प्रतिनिधि,

तपाईंहरूलाई भारतमा स्वागत गर्न पाउँदा मलाई धेरै खुसी लागेको छ।

प्रधानमन्त्री ओलीजीको यो भारत यात्रा नेपालमा हालै सम्पन्न ऐतिहासिक लोकतान्त्रिक प्रक्रियाको पृष्ठभूमिमा भएको छ। गत वर्ष भएको निर्वाचनमा (अंग्रेजी क्यालेन्डरअनुसार) नेपाली जनताले लोकतन्त्र एवं संघीय व्यवस्थामा विश्वास जनाए। स्थानीय निकाय, प्रान्त र संघीय संसद्को चुनाव सफलतापूर्वक सम्पन्न हुनु नेपाल सरकार र नेपाली जनताका तर्फबाट ठूलो उपलब्धि हो। यो सन् २००६ मा नेपालमा सुरू भएको परिवर्तनको उत्कर्ष हो। यसका लागि म नेपाली जनता र सरकार दुवैलाई हृदयदेखि अभिनन्दन गरी धेरै बधाइ दिन चाहन्छु।

नेपाल यतिबेला राजनीतिक इतिहासको एक नयाँ युगमा प्रवेश गरेको छ। एक नजिकको छिमेकी मित्र देशको नाताले एवं विश्वको सबैभन्दा ठूलो लोकतन्त्रका रूपमा नेपालको इतिहासको यो स्वर्णिम अध्यायको शुभारम्भ हाम्रा लागि खुसीको विषय हो।

मित्रहरू, हिजो र आज हामी दुई देशका प्रधानमन्त्रीबीच भएको कुराकानीमा प्रधानमन्त्री ओलीजीले नेपालको तीव्र आर्थिक विकास एवं समावेशी समाज निर्माणका लागि आफ्नो बलियो दृष्टिकोणका बारेमा सविस्तार जानकारी दिनुभएको छ।

हामी दुई प्रधानमन्त्रीले यस विषयमा पनि चर्चा गर्‍यौं कि यो दृष्टिकोण साकार पार्न नेपाल सरकारलाई कुन हदसम्मको साथ दिन भारतले सक्छ त? म स्मरण गर्छु- भारतको विकासका लागि मेरो सच्चा साथ सच्चा विकासको मूल मन्त्र हो। नेपालका लागि प्रधानमन्त्री ओलीजीको 'समृद्ध नेपाल सुखी नेपाली' को अभियान एकअर्काका पूरक हुन्। हामी दुवै यसका लागि पूर्णतः सहमत छौं। जनकेन्द्रित दृष्टिकोण, विकासका साझा लक्ष र दुवै देशका जनताको सुख, शान्ति एवं अपेक्षालाई साथमा लिएर अघि बढ्नु हामी दुवैको हितमा छ।

मित्रहरू,

नेपालको विकासमा भारतको भागीदारीको धेरै लामो इतिहास छ। मैले प्रधानमन्त्री ओलीजीलाई पूर्ण विश्वास दिलाएको छु- नेपालको आर्थिक विकास र समृद्धिको प्रयासमा भारतले पूरापूर सहयोग गरिरहन्छ। यो सहयोग भविष्यमा पनि नेपाल सरकारद्वारा निर्धाति प्राथमिकता र आवश्यकतामा आधारित हुनेछ। सहयोगप्रति हाम्रो प्रतिबद्धताको एक महत्वपूर्ण परिणाम 'इन ल्यान्ड वाटर ब्रिज' मा सहयोगको निर्णय हो। हाम्रो सहयोगबाट नेपाललाई समुद्रसम्म अतिरिक्त कनेक्टिभिटी मिल्नेछ। सगरमाथाको देश सागरसँग सीधा जोडिनेछ, यो ऐतिहासिक शुभारम्भ हो। नेपाल भूपरिवेष्ठित मात्र नभई जलवेष्ठितबाट पनि जोडिनेछ।

यस्तै रेल्वेमा पनि हामी कनेक्टिभिटी बढाउन चाहन्छौं। यसका लागि काठमाडौंदेखि भारतलाई जोड्ने नयाँ रेल लाइनलाई विकास गर्नेबारेमा पनि हाम्रो संयुक्त सहमति बनेको छ।

कनेक्टिभिटीको एक आयाम व्यापार र मानिसहरूको आवागमनको इन्फ्रास्ट्रक्चरसँग जोडिएको हुन्छ। केही समयअघि हामीले वीरगन्ज–रक्सौल एकीकृत चेकपोस्ट्को उद्घाटन गर्‍यौं। यो आईसीपी भारत र नेपालको शदीयौं पुरानो भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक सम्बन्धको नयाँ राजमार्ग बन्नेछ।

आज भएको वार्ताअनुसार हामीले कनेक्टिभिटीका सबै परियोजनामा भएको प्रगतिको रिभ्यु गरेका छौं। तेलको पाइपलाइन होस् वा एकीकृत चेकपोस्ट् या फेरि हुलाकी सडक (तराई रोड) यस प्रकारका सबै कनेक्टिभिटी परियोजनालाई हरसम्भव गति दिनेबारे हामी दुवै देश सहमत भएका छौं।

मित्रहरू,

नेपाल र भारत दुवै कृषिप्रधान देश हुन्। यसका लागि हामीले कृषिको क्षेत्रमा नयाँ भागीदारीको सुरूवात गरेका छौं। यो भागीदारीबाट अर्गानिक फार्मिङ, पशुपालन, माटो परीक्षण, कृषि अनुसन्धान एवं कृषि शिक्षाजस्ता विषयमा हामी आफ्नो सहयोग बढाउने छौं। आफ्नो बहुमूल्य समय निकालेर नेपालका प्रधानमन्त्री ओलीजी भोलि पन्तनगरस्थित कृषि विश्वविद्यालय जाँदै हुनुहुन्छ, मलाई ज्यादै खुसी लागेको छ।

प्रधानमन्त्री ओलीजीसँग मिलेर मैले जलसंसाधन र ऊर्जासम्बन्धी परियोजनाहरूको पनि रिभ्यु गरें। हामी दुवै अरूण– ३, पञ्चेश्वर, सप्तकोशी र सुनकोशीजस्ता परियोजनाको गति बढाउनेबारेमा सहमत भएका छौं।

मित्रहरू,

भारत र नेपालबीच सुरक्षा र रक्षाका विषयमा गहन सम्बन्ध छ। हामी दुवै देश आफ्नो खुला सीमा दुरूपयोग रोक्ने र साझा सुरक्षा हितलाई अघि बढाउनेबारेमा सहमत भएका छौं।

दुवै देशका बीचमा खुला सीमा दुवै देशका सर्वसाधारणबीच एक 'लिभिङ ब्रिज' रहेको छ। रामायण एवं बुद्ध सर्किटको विकास तथा सीप विकास, शिक्षा, स्वास्थ्य आदि जनकेन्द्रित क्षेत्रमा पनि हामी सहयोग बढाउन चाहन्छौं। यसले दुई देशबीच पारम्परिक सम्बन्ध थप प्रगाढ हुने विश्वास छ। आज हामीले जुन ऐतिहासिक पहल गरेका छौं, यसबाट दुवै देशको विकासको हाम्रो दृष्टिकोणलाई साकार पार्न ठूलो योगदान दिनेछ भन्ने मलाई पूर्ण विश्वास छ।

मित्रहरू,

नेपालको संघीय लोकतान्त्रिक व्यवस्थालाई दरिलो बनाउन नेपाल र भारतबीच आपसी सहयोग, विचार-विमर्श र अनुभव आदानप्रदानको ठूलो भूमिका हुन्छ। म एकपटक फेरि प्रधानमन्त्री केपी ओलीजी, उहाँकी धर्मपत्नी र भ्रमण दलमा सहभागी सबै प्रतिनिधिलाई भारतमा हार्दिक स्वागत गर्दछु। यो पनि चाहन्छु- हाम्रो फेरि भेट होला। धन्यवाद।

*(भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीमा भएको संयुक्त पत्रकार सम्मेलनमा गरेको सम्बोधनको सम्पादित अंश)*

**❖ नेपालका लागि प्रधानमन्त्री ओलीजीको 'समृद्ध नेपाल सुखी नेपाली' को अभियान एकअर्काका पूरक हुन्। हामी दुवै यसका लागि पूर्णतः सहमत छौं।**

**❖ नेपालको आर्थिक विकास र समृद्धिको प्रयासमा भारतले पूरापूर सहयोग गरिरहन्छ। यो सहयोग भविष्यमा पनि नेपाल सरकारद्वारा निर्धाति प्राथमिकता र आवश्यकतामा आधारित हुनेछ।**

**❖ तेलको पाइपलाइन होस् वा एकीकृत चेकपोस्ट् या फेरि हुलाकी सडक (तराई रोड) यस प्रकारका सबै कनेक्टिभिटी परियोजनालाई हरसम्भव गति दिनेबारे हामी दुवै देश सहमत भएका छौं।**

**❖ रामायण एवं बुद्ध सर्किटको विकास तथा सीप विकास, शिक्षा, स्वास्थ्य आदि जनकेन्द्रित क्षेत्रमा पनि हामी सहयोग बढाउन चाहन्छौं। यसले दुई देशबीच पारम्परिक सम्बन्ध थप प्रगाढ हुने विश्वास छ।**

# यस्तो छ प्रधानमन्त्रीको भारत भ्रमणको १२ बुँदे संयुक्त वक्तव्य

१. सम्माननीय नेपालका प्रधानमन्त्री श्री केपी शर्मा ओली २०१८ अप्रिल ६ देखि ८ सम्म भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमंत्रनामा भारत भ्रमणमा रहनुभएको छ ।

२. २०१८ अप्रिल ७ मा दुवै देशका प्रधानमन्त्रीहरूले व्यापक रूपमा दुई देशका बिचमा रहेको बहुमुखी सम्बन्धको बिस्तार गर्ने बिषयमा समीक्षा गर्नुभयो । वहाँहरूले दुवै देशका सरकारी, निजि क्षेत्र र जनताको स्तरबीच बढ्दो साझेदारीको स्वागत गर्नुभयो । दुवै प्रधानमन्त्री समानता, आपसी भरोसा, सम्मान र लाभको आधारमा सम्बन्धलाई नयाँ उचाइमा उठाउन एकसाथ काम गर्नको लागि सहमत हुनुभएको छ ।

३. नेपाल(भारत सम्बन्ध बलियो साझा ऐतिहासिक, सांस्कृतिक आधारमा बनेको स्मरण गर्दै दुई प्रधानमन्त्रीहरूले द्विपक्षीय सम्बन्धको सिमानामा नियमित र उच्च स्तरको राजनीतिक आदान प्रदानको महत्व रहेको कुरामा सहमति जनाउनु भएको छ ।

४. नेपालका सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सरकारले भारतसंग मित्रता सम्बन्धलाई अझ बलियो बनाउनको लागि जोड दिइने कुरा बताउनु भएको छ। वहांले आर्थिक प्रगति र विकासको लागि भारतको प्रगति र समृद्धिबाट लाभ उठाउनको लागि द्विपक्षीय सम्बन्ध विका गर्न नेपाल सरकारको इच्छा रहेको कुरा व्यक्त गर्नुभएको छ । भारतका सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल सरकारको प्राथमिकता अनुसार नेपाल संग आफ्नो साझेदारी मजबुद बनाउन आफ्नो सरकार प्रतिबद्ध रहेको कुरा बताउनु भएको छ ।



५. 'सबका साथ, सबका विकास'को नारा अनुसार भारत समावेशी विकास र सम्रिद्दीकोको साझा दृष्टिको लागि आफ्नो छिमेकीहरूसंग भारतको सम्बन्धको एक महत्वपूर्ण ढांचा हो भन्ने कुरा भारतीय प्रधानमन्त्री मोदीले बताउनु भएको छ। नेपालको प्रधानमन्त्री केपी ओलीले नेपालको ऐतिहासिक राजनीतिक परिवर्तन पछी सरकारले आर्थिक परिवर्तनको लागि 'समृद्द नेपाल, सुखी नेपाली' भन्ने नारालाई आफ्नो सरकारले प्राथमिकता दिएको कुरा बताउनु भयो । प्रधानमन्त्री मोदीले नेपाली जनता र नेपाल सरकारलाई यो सफलताको लागि बधाई दिनुभएको छ ।

६. दुबै प्रधानमन्त्रीहरूले नेपालका बिरगञ्जमा एकीकृत चेक पोष्टको उद्घाटन गर्नुभयो । यसको प्रारम्भिक परिचालनले पार सिमानाको व्यापार बढाउने र सामानहरूको पारगमन र साझा विकासको लागि अधिक अवसर ल्याउने मानिसहरूको आन्तरिक गति बढाउने कुरामा दुवै प्रधानमन्त्रीहरू सहमत हुनुभयो ।

७. दुवै प्रधानमन्त्रीहरूले मोतीहिरी-अमलेखगंज, मोतिहारीमा क्रस-बोर्डर पेट्रोलियम आपूर्ति पाइपलाइनको शिलान्यास गर्नुभयो ।

८. दुबै प्रधानमन्त्रीहरूले नेपालमा द्विपक्षीय परियोजनाहरूको कार्यान्वयनको आवश्यकतालाई जोड दिनुभयो र सहकार्यको एजेन्डाहरूलाई बढावा दिनको लागि अहिले अस्तित्वमा रहेका द्विपक्षीय संयन्त्रहरूलाई बलियो बनाउने कुरामा जोड दिनुभयो ।

९. पारस्परिक हितको निम्नलिखित प्रमुख क्षेत्रहरूमा तीनवटा अलग भनाईहरू जारी गरियो ।

० भारत-नेपाल : कृषिमा नयाँ साझेदारी

० रेल लिङ्कहरू विस्तार गर्दै : रक्सौललाई नेपालको काठमाडौंसम्म जोड्ने

० भारत र नेपालबीच इनल्याण्ड वाटरवेजको माध्यमबाट नयाँ कनेक्टिविटीको सृजना गर्ने

१०. दुवै प्रधानमन्त्रीहरू यस सहमतिमा सहमत हुनुभएको छ कि यो भ्रमणले दुई देशबीचको बहुमुखी साझेदारीमा नयाँ गतिशीलतालाई समातेको छ ।

११. प्रधानमन्त्री ओलीले आफुलाई र आफ्नो प्रतिनिधि मण्डललाई गरिएको न्यानो अतिथ्यताको लागि लागि प्रधानमन्त्री मोदीलाई धन्यवाद दिनुभयो ।

१२. प्रधानमन्त्री ओलीले नेपालका भ्रमण गर्न प्रधानमन्त्री मोदीलाई निमन्त्रणा दिनुभयो । प्रधानमन्त्री मोदीले निमन्त्रणा स्वीकार गर्नुभयो र त्यसको मिति कुटनैतिक तहबाट निर्धारण गरिने कुरामा दुबै प्रधानमन्त्रीहरू सहमत हुनुभयो ।

## प्रधानमन्त्री ओलीलाई "डाक्टर अफ साइन्स"को उपाधि

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको तीनदिने राजकीय भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतको उत्तराखण्ड राज्यस्थित गोविन्दबल्लभ पन्त कृषि तथा प्रविधि विश्वविद्यालयले मानार्थ विद्यावारिधिको उपाधि प्रदान गरेको छ । आइतबार विश्वविद्यालयमा आयोजित विशेष समारोहका बीच प्रधानमन्त्री ओलीलाई उत्तराखण्ड राज्यका गभर्नर एवं विश्वविद्यालयका चान्सलर कृष्णकान्त पलले 'डाक्टर अफ साइन्स' को उपाधि प्रदान गरेका हुन् । सो अवसरमा प्रधानमन्त्री ओलीले कृषिको आधुनिकीकरणमार्फत भारतलाई समृद्ध बनाउन महत्वपूर्ण योगदान गरेको विश्वविद्यालयसँग नेपालले सहकार्य गरेर अगाडि बढ्ने बताएका छन् । गोविन्दबल्लभ पन्त कृषि एवं प्रविधि विश्वविद्यालयले आफूलाई उपाधि प्रदान गरेर नेपाल-भारतबीचको सम्बन्धलाई अझ उचाइमा पुऱ्याएको प्रधानमन्त्रीले प्रतिक्रिया दिए ।

## पेट्रोलियम पाइपलाइनको शिलान्यास

नयाँदिल्ली । प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अमलेखगञ्ज-मोतिहारी पेट्रोलियम पाइपलाइनको शिलान्यास गरेका छन् । शनिबार दिल्लीको हैदराबाद हाउसबाट स्वीच थिचेर संयुक्त रूपमा पेट्रोलियम पाइपलाइनको शिलान्यास गरिएको हो । पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्थाका लागि सरकारले ७ भदौ ०७२ मा पेट्रोलियम पाइपलाइन ल्याउन भारतसँग औपचारिक सम्झौता गरेको थियो । निर्माण सुरू भएको भएको ३० महिनामा उक्त परियोजना सम्पन्न हुने लक्ष्य राखिएको छ । मोतिहारीदेखि अमलेखगञ्जसम्मको ६८ दशमलव ९६ किलोमिटर लम्बाइमा पाइपलाइन निर्माण गरिनेछ । पाइपलाइन बने इन्धन ढुवानीबापत लाग्ने वार्षिक करीब एक अर्ब रूपैयाँ बराबरको ट्यांकर ढुवानी र जनशक्ति खर्च जोखिने विश्वास छ । पाइपलाइन बनेपछि उक्त पाइपलाइनबाट प्रतिघण्टा दुई लाख लिटरसम्म इन्धन अमलेखगञ्ज डिपोमा आपूर्ति गर्न सकिनेछ । पाइपलाइनबाट आउने इन्धन अमलेखगञ्जको डिपोमा ७८ लाख लिटर इन्धन अट्न सक्नेगरी भण्डारण क्षमता पनि विस्तार गरिँदैछ । योसँगै अर्को नयाँ भण्डारणगृह निर्माण गर्ने योजना पनि निगमको छ ।

## प्रधानमन्त्री ओली र मोदीद्वारा आइसीपी उद्घाटन

नयाँदिल्ली । प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीस्थित हैदराबाद हाउसबाटै नेपाल भारत सीमामा बनाइएको वीरगञ्जको एकीकृत भन्सार जाँच चौकी (आईसीपी)को उद्घाटन गरेका हुन् । भारत सरकारले एक अर्ब ३९ करोड रूपैयाँ लगानीमा यो आईसीपी निर्माण गरेको हो । वीरगञ्जस्थित सिर्सिया खाल्वाटोला र अलौगाउँको बीचमा बनेको छ, यो जाँच चौकी । यसबाट दुई मुलुकबीचको व्यापार सहजीकरण हुनुका साथै खुला नाकामा हुने विचलन नियन्त्रण हुने विश्वास छ । आईसीपीमा अध्यागमन, भन्सार, सुरक्षा, अतिरिक्त गोदाम, बैंक, होटेल, पशु र वनस्पति क्वारेन्टाइन, प्रयोगशाला, खाद्य प्रविधि र गुण नियन्त्रण कार्यालय, पार्किङलगायत सुविधा एउटै कम्प्लेक्सभित्र रहन्छन् । आईसीपी सञ्चालनमा आएपछि अहिले वीरगञ्ज र रक्सौल भन्सार नाकामा देखिएजस्तो मालवाहक सवारीसाधनको जाम र कमिसनको खेल घट्ने अनुमान छ ।

## भारत भ्रमण ऐतिहासिक र सफल : ज्ञवाली

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको तीनदिने भारतको राजकीय भ्रमण ऐतिहासिकरूपमा सफल भएको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताएका छन् । प्रधानमन्त्रीको भ्रमण टोलीमा सहभागी सरकारी सञ्चारमाध्यमका प्रतिनिधिसँग राष्ट्रपति भवनमा विशेष कुराकानी गर्दै परराष्ट्रमन्त्री ज्ञवालीले प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्रीको एक्लाएक्लै भएको छलफल तथा प्रतिनिधिमण्डलस्तरमा भएको छलफलका आधारमा दुई देशको सम्बन्ध नयाँ उचाइमा पुगेको उल्लेख गरे । सन् २००६ देखि नेपालमा शुरू भएको राजनीतिक परिवर्तनको श्रृङ्खला नयाँ उचाइमा पुगेको, स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभाको निर्वाचनपछि संविधान कार्यान्वयनको नयाँ चरणमा प्रवेश गरेको, राजनीतिक स्थिरता कायम भएकाले पनि अबको बाटो आर्थिक समृद्धि मात्रै रहेको निष्कर्षमा सबै राजनीतिक दल र सरकार पुगेको सन्दर्भमा भ्रमण आपसी सम्बन्ध विस्तारका हिसाबले पनि महत्वपूर्ण भएको उनको भनाइ छ । नेपाल सरकारले अगाडि सारेको 'सुखी नेपाली समृद्ध नेपाल'को नारालाई व्यावहारिकरूपमा कार्यान्वयन गराउने विषय तथा आर्थिक समृद्धि प्राप्त गर्नका लागि आवश्यकपर्ने विषय तथा कार्यक्षेत्रका बारेमा समेत महत्वपूर्ण समझदारी भएको मन्त्री ज्ञवालीको भनाइ छ ।

## संक्षिप्त समाचार

### प्रदेश ७ को आर्थिक कार्यविधि पारित

कैलाली । प्रदेश नं. ७ को आर्थिक कार्यविधिसम्बन्धी विधेयक पारित भएको छ । आइतबार बसेको प्रदेशसभाको बैठकले प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ लाई पारित गरेको हो । विधायन तथा प्रदेश मामिला समितिले दिएका सुझावलाई समावेश गरेर उक्त विधेयक पारित गरिएको हो । प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर बोहराले विधायन तथा प्रदेश मामिला समितिबाट सुझावसहित पेश हुन आएको उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बैठकमा प्रस्तुत गरेका थिए । प्रस्तुत विधेयकमाथि भएको छलफलपछि बैठकमा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले पारित भएको हो ।

### आक्रमण गर्ने दुई पक्राउ

विराटनगर । बालसन्त श्रीनिवास आचार्यमाथि गोली प्रहार गरेको आशंकामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । विराटनगर महानगरपालिका-१४ बाट पक्राउमा परेका ती दुई जनासँग सोधपुछ भइरहेकाले नाम गोप्य राखिएको प्रहरीले जनाएको छ । विराटनगर-१४ स्थित जतुवामा शनिबार राति १:४५ बजे शौचका लागि कोठाबाट बाहिर निस्कनासाथ आचार्यमाथि गोली प्रहार भएको थियो । दाहिने कुममा गोली लागेको उहाँको विराटनगरको न्यूरो अस्पतालमा उपचार भइरहेको छ । घटनास्थलमा मङ्गोल अर्गनाइजेशनको पर्चा भेटिएको प्रहरीले जनाएको छ ।

### करेन्ट लागेर एकको मृत्यु, तीन घाइते

कैलाली । वनखेत नजिकको विद्युत प्रशारण लाइन वरपर खेल्ने क्रममा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् । घटनामा धनगढी उपमहानगरपालिका-११ बेलाको वनखेतका १४ वर्षीय अमन चौधरीको मृत्यु भएको छ । सोही स्थानका १२ वर्षीय सागर पनेरू, १५ वर्षीय अर्जुन कठायत र १४ वर्षीय नविन कठायत घाइते भएको प्रहरीले जनाएको छ । घाइते हुने तीनै जनाको धनगढीस्थित सेती अञ्चल अस्पतालमा उपचार भइरहेको छ ।

### गाँजा र चरेश प्रहरी नियन्त्रणमा

वीरगन्ज । जिल्ला प्रहरी पर्सा गाँजा १७४ किलो र चरेश १२७ किलो लागु औषध प्रहरीले नियन्त्रणमा लिएको छ । पटेर्वासुगौली गाउँपालिका वडा नं. ३ का दिनेश गुरो दास थारूको घरमा अवैध रूपमा नियन्त्रित लागु औषध गाँजा तथा चरेश लुकाई छिपाई राखेको छ भन्ने सुचना प्राप्त हुन साथ यस प्रहरी निरिक्षक ज्ञान कुमार महतोको कमाण्डमा खटि गएको प्रहरी टोलीले सो परिमाणको गाँजा र चरेश बरामद गरेको हो । पटेर्वासुगौली गाउँपालिका वडा नं. ३ श्रीकान्त चौधरी र अफरोज मियालाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस कार्यमा संलग्न अन्य ८/९ जना फरार व्यक्तिहरूको पर्सा प्रहरीद्वारा खोजी कार्य भइरहेको छ ।

### माटोको ढिस्कोले पुरिएर युवतीको मृत्यु

मोरङ । मोरङ जिल्लामा माटोको ढिस्कोले पुरिएर एक युवतीको मृत्यु भएको छ । लेटाङ नगरपालिका-९ बस्ने २४ बर्षीया भगिमाया दुलालको मृत्यु भएको हो । सोही स्थानमा रहेको बारकोठे खोल्सीमा रातोमाटो खनिरहेको अवस्थामा माटोको ढिस्कोले पुरिएर आइतबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

### ट्र्याक्टरको टेलर पल्टिँदा दुई बालकको मृत्यु

रौतहट । गढिमाई नगरपालिका-२ हथियोल स्थित खेतमा ना.३ त ६२८४ नम्बरको ट्र्याक्टरले माटो पुर्ने क्रममा ट्र्याक्टरको पछाडीको टेलर पल्टिँदा थिचिएर दुई बालकको मृत्यु भएको छ । नजिकै खेलिरहेको सोही स्थान बस्ने प्रभु बैठाको छोरा ५ वर्षीय विकास बैठाको टेलरले थिचि आइतबार घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा गम्भिर घाईते भएका सोही स्थान बस्ने अनहोती दासको छोरा ७ वर्षीय रबी दासलाई उपचारार्थ गरूडातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ । फरार ट्र्याक्टर चालकको प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कैलालीमा दोहोरो झडप

कैलाली । धनगढीको चौराहमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता र प्रहरीबीच दोहोरो झडप भएको छ । जनआन्दोलन दिवसको अवसर पारेर सरकारविरूद्ध भण्डाफोर तथा प्रतिरोध कार्यक्रम गरिरहेका नेकपाका कार्यकर्ता र प्रहरीबीच झडप भएको हो । नेकपाले आफ्ना कार्यक्रममाथि प्रहरीले हस्तक्षेप गरेर घाइते हुनेगरी कुटपिट गरेको आरोप लगाएको छ भने यता प्रहरीले भने प्रशासनको अनुमतिबिना कार्यक्रम सञ्चालन गरेको, सडक अवरूद्ध गरेकाले रोक्न खोज्दा प्रहरीमाथि नै आक्रमण गरेको जनाएको छ ।

### दुर्घटनामा एकको मृत्यु

विराटनगर । मोरङको पथरी शनिश्चरे-१० मा बुधबार राति सडक दुर्घटना हुँदा मोटरसाइकल चालक पथरी-शनिश्चरे हसन्दहका ४८ वर्षीय हरिबहादुर केसीको उपचारका क्रममा मृत्यु भएको छ । डाँस खोला पुलमा रोकीराखेको को२त २४५९ नम्बरको टयाक्टरको पछाडिको भागमा को१३प ७७२९ नम्बरको मोटरसाइकलले ठक्कर दिएपछि सो दुर्घटना भएको थियो । मोटरसाइकलमा सवार २५ वर्षीय हेमराज खड्काको टाउकोमा चोट लागेको र उनको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
प्रमोद साह
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
राजीव झा
महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
खेमप्रसाद लोहनी
सांसद, नेकपा (एमाले)

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
केशव झा
महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल

क्यान्सर
शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।
क्यान्सर रोग चेतावनीका चिन्हहरू :
- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।
तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।
जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू

अनलाइन उजूरी विधि अवलम्बन गरौँ, आफ्नो कुरा प्रष्ट पारौँ ।
विभिन्न सञ्चारमाध्यममा आएका समाचार सामग्रीहरू पत्रकार आचारसंहिता प्रतिकूल भएमा प्रेस काउन्सिल नेपालको वेवसाइट www.presscouncilnepal.org मा गई अनलाइन उजूरी गर्न सकिनेछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्र महतो
अध्यक्षमण्डलका सदस्य तथा सांसद
राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

रामेश्वर राय यादव
सांसद, नेकपा माओवादी केन्द्र

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मो. इस्तियाक राई
सांसद, संघीय समाजवादी फोरम, नेपाल

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मो. अफताब आलम
सांसद, नेपाली कांग्रेस

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

चन्द्रकान्त चौधरी
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

संजयकुमार गौतम
सांसद, नेपाली कांग्रेस

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

शरतसिंह भण्डारी
अध्यक्षमण्डलका सदस्य तथा सांसद
राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हरिनारायण प्रसाद रौनियार
सांसद, संघीय समाजवादी फोरम, नेपाल

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

शिवकुमार मण्डल
सांसद, नेकपा माओवादी केन्द्र

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

एकवाल मियाँ
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

देवप्रसाद तिमिल्सीना
सांसद, नेपाली कांग्रेस

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सुरेशचन्द्र दास
सांसद, नेकपा माओवादी केन्द्र

## जिल्ला समाचार

### प्रदेश ५ को नीति तथा कार्यक्रम प्रस्तुत

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश नम्बर ५ को प्रदेशसभामा प्रदेश सरकारको पहिलो नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । आइतबार बसेको प्रदेशसभाको बैठकमा ५ नम्बर प्रदेश प्रमुख उमाकान्त झाले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । सरकारले तयार पारेको ७५ बुंदे नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेश प्रमुख झाले संविधानले प्रदान गरेका कार्यहरू आरम्भ गर्न यतिबेला कानूनहरू र स्रोत तथा साधनको अपर्याप्तता रहेको बताए । उनले भने, 'संविधानत: प्रदेशअन्तर्गत आउनुपर्ने प्रशासन र विकासका सांगठनिक संरचनाहरू र आवश्यक जनशक्ति अहिलेसम्म केन्द्रबाट प्रदेशलाई हस्तान्तरण भइनसकेको बताउँदै संगठन संरचना र जनशक्तिको अभावमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्ने कुरामा थुप्रै कठिनाईहरू रहेको टिप्पणी गरे । प्रदेश प्रमुख झाले प्रस्तुत गरेको कार्यक्रममा प्रदेशको समग्र विकासमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिइने उल्लेख गर्दै प्रदेशमा वस्तु र सेवा उद्योगको विकासको सम्भावना अत्यन्त राम्रो रहेको बताएका छन् ।

### प्रहरीविरूद्ध अदालतमा मुद्दा दर्ता

बाँके । प्रहरीले हिरासतमा शारिरीक तथा मानसिक यातना दिएको भन्दै बाँकेको भुजाईगाँउका एक युवकले आइतबार मुद्दा दायर गरेका छन् । भुजाईगाँउका भुविन थापाले यातनाको क्षतिपूर्तिबापत एक लाख रूपैयाँ क्षतिपूर्ति माग्दै बाँके जिल्ला अदालतमा आइतबार मुद्दा दायर गरेका हुन् । मुद्दामा जिल्ला प्रहरी कार्यालय बाँके र सोही कार्यालयका असाई राजेन्द्र पुजारालाई विपक्षी बनाइएको छ । फिरादपत्रमा यातना क्षतिपूर्ति मुद्दामा यातनाको कारणले पुग्न गएको क्षति र भविष्यमा पुग्न जाने क्षतिको समेत यथोचित मूल्यांकन र विचार गरी यातनासम्वन्धि क्षतिपूर्ति ऐन २०५३ को दफा ३(१) बमोजिम एक लाख रूपैयाँ अर्थात् हदैसम्मको क्षतिपूर्ति माग गरिएको छ । साथै, कुटपिट तथा यातनामा संलग्न प्रहरी कर्मचारीहरूलाई प्रहरी नियमावली २०४९ बमोजिम हदैसम्मको कारवाहीको माग गरिएको छ । तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स)को कानूनी सहयोगमा मुद्दा दर्ता गरिएको थर्ड एलायन्सका नेपालगंज प्रमुख आलम खानले बताए ।

### रौतहटमा पेट्रोलको कृत्रिम अभाव

रौतहट । रौतहटमा पेट्रोलियम पदार्थको तस्करी तीव्र भएको छ । भारतमा पेट्रोलको मूल्य नेपालभन्दा करीव २० रूपैयाप्रति लिटर महंगो रहेकोले नेपालबाट पेट्रोलको तस्करी भइरहेको छ । गौरमा रहेको पेट्रोल पम्पका संचालकहरूको संलग्नतामा पेट्रोलियम पदार्थको तस्करी भैरहेको स्रोतको दाबी छ । डिपोबाट पेट्रोल आउछ र २ देखि ३ दिनमै खपत हुन्छ, पेट्रोल पम्पमा ठुलठुल्ला गैलनमा पेट्रोल पाइने तर मोटर साइकल प्रयोगकर्ता लिन जाँदा पेट्रोल सकिएको भन्ने गुनासो स्थानीयहरूको रहेको छ । गौरमा संचालित पेट्रोल पम्पको नियमित अनुगमन नहुँदा यस्तो अवस्थाको सिर्जना भएको स्थानीयहरूको भनाइ रहेका छन् । खुल्ला सीमाको फाइदा उठाउँदै तस्करहरू तेल तस्करीमा जुटेका छन् । महादेवपट्टी नाका भएर पेट्रोलको व्यापक तस्करी भैरहेको देखिएको छ । साइकल, मोटर साइकलमा तेल तस्करी भैरहँदा पनि सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी तथा नेपाल प्रहरीका अधिकृत, जवानहरू केही गर्न सकेका छैनन् । उल्टै उनीहरूबाट कमीशन लिने गरेको पाइएको छ ।

### प्रदेशस्तरीय क्रिकेट प्रतियोगिता सुरू

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुको शिवराज नगरपालिका शिवपुरमा रहेको शिवशक्ति युवा क्लबको आयोजनामा प्रदेशस्तरीय खुल्ला टि-२० न्यू इयर कप २०७५ क्रिकेट प्रतियोगिता मंगलबारदेखि सुरू भएको छ । कपिलवस्तु क्षेत्र नं. ३ बाट निर्वाचित सांसद अभिषेक प्रताप शाहले खेलको उद्घाटन गर्दै खेल र खेलाडीहरूलाई राज्यले उचित व्यवस्थापन गर्न विशेष किसिमको व्यवस्था गर्नुपर्ने बताए । उनले खेलाडीहरूको पारिश्रमिक र खेल व्यवस्थापनका विषयमा संसद् बैठकमा कुरा राख्ने बताए । छिमेकी मुलुक भारत, पकिस्तान, बंगलादेश लगायत दक्षिण एशियामा जस्तो मुलुकमा क्रिकेट खेललाई राष्ट्रिय दर्जाको रूपमा दिएको छ, नेपालमा पनि यसलाई राष्ट्रिय दर्जाको रूपमा अघि बढाउनका लागि ध्यान दिनुपर्ने बताए ।

### शिव सेनाद्वारा निन्दा

नेपालगन्ज । हिन्दू धर्म गुरू पण्डित श्रीनिवास आचार्यमाथि विराटनगरमा अज्ञात समूहले गोली प्रहार गरेको घटनामा नेपाल शिव सेना मर्माहत हुनुका साथै सो घटनाको निन्दा गरेको छ । शिव सेना नेपाल केन्द्रीय समिति नेपालगन्जले नेपाल शिवसेनाका केन्द्रीय अध्यक्ष राजकुमार रौनियारद्वारा बिज्ञप्ती जारी गरी नेपाललाई हिन्दू राष्ट्र बनाउनु पर्ने अभियानमा समेत क्रियाशिल श्रीनिवास आचार्य माथि विराटनगर-१४, जतुवामा राती १ बजे गोली प्रहार भएको घटनाले स्तब्ध भएको जनाएको छ । घटना स्थलमा धार्मिक सद्भाव भड्काउने किसिमको पर्चा पनि भेटिएको छ तर हालसम्म उक्त घटना घटाउने दोषी पक्राउ नपरेको हुँदा घटनामा संलग्न दोषीलाई यथासिर्घ पक्राउ गरी कडाभन्दा कडा कार्यवाही गर्न सरकारसँग नेपाल शिव सेनाले जोरदार माग गर्दछ ।'–बिज्ञप्तीमा उल्लेख छ । दोषी पक्राउ नभएको खण्डमा सोको विरोध प्रतिकार गर्न हिन्दूवादी सडकमा उत्रिनुपर्ने अवस्था आउन सक्ने भन्दै त्यो अवस्थामा नेपाल सरकारले घटना दुर्घटनाको जिम्मेवारी स्वयं लिनु पर्ने हुनेछ तथा यसको निम्ति जस्तो सुकै पनि आन्दोलन गर्ने पनि सूचित गरिन्छ समेत भनिएको छ ।

### विधेयक परिमार्जनको माग

जनकपुरधाम । प्रदेश नं २ को प्रदेशसभा बैठकमा सदस्यहरूले 'प्रदेश नं २ का मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७४' परिमार्जनको आवश्यकता औंल्याएका छन् । मंगलबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री लालबाबु राउतले प्रस्तुत गरेको सो विधेयकमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य बाबुलाल साह, मनिष कुमार सुमन, रामचन्द्र मण्डल र गोविन्दबहादुर न्यौपानेले करार सेवा, योग्यता, मुख्यन्यायाधिवक्तालाई सजाय, झुठा मुद्दाबारे स्पष्ट व्यवस्था हुनुपर्ने धारणा राख्दै मुख्य न्यायाधिवक्तालाई समान्तर संगठन बनाउने किसिमले अधिकार दिन नहुने बताए ।

### नीति तथा योजना प्रस्तुत

कैलाली । प्रदेश नं ७ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आव २०७४/७५ को बाँकी तीन महिनाका लागि नीति तथा योजना कार्यक्रम प्रस्तुत गरेको छ । मन्त्रालयले पत्रकार सम्मेलनमार्फत उक्त नीति तथा योजनाका कार्यक्रमबारे संक्षिप्त जानकारी गराएको हो । मन्त्रालयले प्रदेशको कृषि, भूमिसँग सम्बन्धित मन्त्रालयको नीति तथा कार्यक्रमको विषयमा अध्ययन, संकलन तथा विश्लेषणमार्फत नीति निर्माण सम्पन्न गरी प्रदेश सरकारका मन्त्रालयमा पठाइसकेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रवक्ता लक्ष्मण खड्काले पत्रकार सम्मेलनमा जानकारी दिए ।

### छात्रालाई साइकल वितरण

महोत्तरी । 'बेटी पढाओ, बेटी बचाओ' अभियान अन्तर्गत छात्राहरूलाई साइकल वितरण गरिएको छ । मटिहानी नगरपालिकामा अभियानको सहयोगार्थ छात्रालाई साइकल वितरण सुरू गरिएको छ । नगरका दलित, मुसलमान र पछि परेका जाति समुदायको बसोबास भएका सिमरदही, पर्सापतैलीसहितका बस्तीबाट माध्यमिक शिक्षा पढ्न जाने छात्रालाई साइकल दिइएको हो । अभियानको थालनी गर्दै जानकी महिला जागरण समाज जनकपुरले २ नं प्रदेश सरकारले घोषणा गरेको सो अभियानको सहयोगार्थ पहिलो चरणमा माध्यमिक तहमा अध्ययनरत दलित, मुस्लिम र आदिवासी जनजाति समुदायका २३ छात्रालाई मटिहानी नगरका प्रमुख हरिप्रसाद मण्डलले प्रदान गरे ।

नयाँ वर्ष २०७५

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तेजुलाल चौधरी
सांसद, नेपाली कांग्रेस


प्रस्तावित पूर्व-पश्चिम रेलका लागि अगामी १० बर्षमा ४०० अर्ब चाहिने सरकारले नै भनेको छ । यसको के हुने ? यता चिनीयाँ र भारतीय रेलको भेल आएको छ । नेपाललाई सधैं अरबी घोडाको सपना नै चाहिने रहिन्छ । रेल आउनु नआउनु भन्दा भारतसँग सम्बन्ध कागजकै भएपनि लीकमा आओस् । **जेपी गुप्ता**


स्वतन्त्र तराईमा बन्दूकको भरमा टिकेको क्रुर, अमानवीय र षड्यन्त्रात्मक अवैध नेपाली शासनबाट मुक्तिको लागि हामी सशस्त्र लडी रहेका छौं । यतिबेला हामीलाई हतियार र विष्फोटक सामग्रीको अति आवश्यक भएको छ । यसलाई गम्भीरतापूर्वक र सकारात्मक रूपमा लिई सहयोग गरि दिनहुन हार्दिक अपिल गर्दछौं । **जयकृष्ण गोइत**


नेपालको धार्मिक सांस्कृतिक पहिचान संकटमा परेको छ । संगठित र योजनावद्ध रूपमा सांस्कृतिक अतिक्रमण भैरहेको छ । कुनै धर्मप्रति अ-सम्मान वा वितृष्णा होइन तर स्वःधर्मको रक्षा हाम्रो कर्तव्य हो, राज्यको पनि जिम्मेवारी हो । धार्मिक स्वतन्त्रताको सम्मान गरौं, सनातन धर्मको रक्षा गरौं । **कमल थापा**


मन बद्लेछ अरू धेरै कुरा नगरौं । जबसम्म पञ्चेश्वर कार्यान्वयन हुँदैन, नेपाललाई हुन्छ भनिएका फाइदाहरू व्यवहारमै देखिन्नन्, मौखिक प्रतिरक्षाले मात्र ओली-महाकाली-भारत सम्बन्धमा भरपर्दो प्रष्टता सहज हुँदैन । **डम्बर खतिवडा**


संसदमा प्रेषित दर्दनाक आर्थिक चित्रणको जबाफ लगानी हो र लगानीको जबाफ कर्मचारी सन्चय कोष । प्रहरी तथा सेनाको कल्याणकारी कोषमा थुप्रिएको रकम र देशका ठुला अद्यौगिक र व्यापारिक घराना कहाँ थुप्रिएका धनहरूलाई अर्थ शास्त्रको सिद्धान्त अनुसार लगानी गरि देशलाई आत्मनिर्भर र निर्यातकर्ता मुलुकको रूपमा उभ्याउनु अर्थ मन्त्रीद्वारा प्रेशित कहालीलाग्दो श्वेत पत्रको जबाफ हो । खोइ कहाँ छ नेपाल सरकार ? **सत्यनारायण मण्डल**


भारतको हिमान्चल प्रदेशमा वर्षौंदेखि कार्यरत १ हजार अस्थायी जागिरे नेपाली नागरिक श्रमिकहरूलाई नेपाल-भारत १९५० को सन्धि बमोजिमको हक दिँदै स्थायी गर्न त्यहाँको सर्वोच्च अदालतले राज्य सरकारलाई आदेश दिएको छ । यसबाट भारतमा बसोबास गर्ने नेपाली समाजमा खुशियाली र हर्षोल्लास छाएको छ । **भीम उपाध्याय**


न्याय पाउन रेशम चौधरी अनशनमा बस्छन् । गृहमन्त्री आएर शपथ गराउने आश्वासनका साथ रेशमको अनशन तोड्न लगाउछन् । सपथ त कता कता, आज रेशमलाई अस्पतालबाट जेल चलान गरिने कुरा सुन्दैछु । गृहमन्त्री जस्तो व्यक्तित्वको बोलीको गरिमा के त ? **सरोज राय**


सबै हिन्दुलाइ पादरी बनाउने उद्देश्य लिएर स्थापना भएका संस्था तत्काल खारेज गरियोस् । धर्मरिपेक्ष राष्ट्रमा सबै धर्मको सम्मान गर्नुपर्छ । तर, हातमा बाइबल लिएर ढोका चहार्दै हिन्दु धर्मको निन्दा गर्नेलाइ कार्वाहीको दायरामा ल्याउनु पर्छ । **ध्रुव लम्साल**

# महतो भारतमा विभूषित



काठमाडौं । विगत १० वर्षदेखि नेपालमा मिथिला संस्कृति, कला र सम्पदा संरक्षण तथा प्रवर्द्धन अभियानको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका समाजसेवी तथा भोरको संस्थापक राजकुमार महतोलाई भारतको मिथिला लोक संस्कृति लोकले २१औं मिथिला महोत्सवमा आइतबार मिथिला सेवा सम्मानबाट विभूषित गरेको छ ।
मिथिलाको संस्कृति, कला तथा सम्पदा संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य र खासगरी जनकपुरधामको जानकी मन्दिरलाई विश्व सम्पदा स्थलको रूपमा सूचिकृत गराउन भोरका संस्थापक महतोले सन् २०१४ देखि संचालन गरिरहेको अभियानको कदर गर्दै भारतको दरभंगामा मिथिला सेवा सम्मानबाट विभूषित गरिएको छ । यस मिथिला सेवा सम्मानबाट विभूषित हुनेहरू जम्मा आठ जना छन् जसमध्ये ७ जना भारतका छन् भने नेपालबाट एक जना छन् ।
मैथिली लोक संस्कृति मंचद्वारा बलभद्र पुर लहेरिया सराय, दरभंगामा दुई दिने मिथिला महोत्सव आयोजना गरीएको छ, जसलाई मैथिली लोक संस्कृति मंचका महासचिव प्रोफेसर उदयशंकर मिश्रले संयोजन तथा व्यवस्थापन गरेका छन् । प्रोफेसर मिश्रले भने कि यस वर्ष मिथिला महोत्सव २१ वर्ष पुरा गरिसकेको छ । यस महोत्सवको उद्घाटन सत्रमा भारत, बिहारका सांसद कीर्ति झा आजाद, ललित नारायण, मिथिला विश्व विद्यालयको कुलपति डा. सुरेन्द्र कुमार सिंह, कामेश्वर सिंह, दरभंगासंस्कृत विश्वविद्यालयका कुलपतिडा. सर्व नारायण झा, हायाघाट विधायक अमरनाथगामी, पूर्व विधान पार्षद डा.विनोद कुमार चौधरी कार्यक्रममा सहभागी भएका थिए । उनीहरूले संयूक्त रूपमा नेपालका राजकुमार महतो लगायत भारतका ७ जना विशिष्ट व्यक्तिहरूलाई मिथिला सेवा सम्मानबाट विभुषित गरेको थिए ।
भारतबाट मिथिला मैथिलीको लागि आफ्नो क्षेत्रमा विशिष्ट योगदान गर्नेविजयकांत ठाकुर, डा.विद्यानाथ झा, डा. संतकुमार चौधरी, सुशील भारती, मुकेश पन्जियार, डा. उमाशंकर झा, पंडित राम नारायण झा, पुतुल चौधरी, मिथिला दर्पण परिवार मिथिला सेवा सम्मानबाट विभुषित भएका छन् ।

## मधेशलाई...

सकिरहेको छैन । जसले गर्दा काठमाडौंका बासिन्दाले पनि मधेश र मधेशीको भावना र पीडा बुझ्न सकून् तर यो पक्षमा नेपाली चलचित्रले ध्यान दिन सकेको छैन ।
तर अहिले अवस्था फेरिएको छ । अभिनेता रमेश रञ्जन झा भन्छन्-'पहिले पहिले पहाडकै व्यक्तिहरूलाई कालो दलेर र धोती लगाएर मधेशी पात्रको भूमिकामा अभिनय गराइन्थ्यो । छालाको आधारमा नै मधेशी कालो हुन्छन् भन्ने मान्यता व्याप्त थियो ।' त्यसैले उनीहरूको भूमिका एकदमै गरिब, कागज बोतल उठाउँदै हिड्ने अथवा पान बनाएर बेच्ने, गुण्डागर्दी गर्ने मात्र हुन्थ्यो यसले गर्दा मधेशीले नराम्रो काम मात्र गर्छन् भन्ने आम दर्शकको बुझाईमा थप टेवा पुग्थ्यो । झा भन्छन्-'तर, अहिले अवस्था फेरिएको छ । नेपाली चलचित्रमा मधेशको पात्रलाई विशेष भूमिका दिनुपर्छ भन्ने भावना विकास भएको छ ।' मधेशीले गर्ने भूमिकामा पनि परिवर्तन आएको झा स्वीकार गर्छन् । यसको उदाहरणका लागि २०७४ सालमै प्रदर्शनमा आएका 'शत्रुगते', 'तिमीसँग', 'राज्जारानी', 'शेरबहादुर', 'जात्रा', 'फाटेको जुत्ता' जस्ता चलचित्रलाई लिन सकिन्छ ।
लेखक तथा निर्देशक पुर्णेन्द्रु झाले मधेशलाई नै आधार बनाएर 'संरक्षण' फिल्मको निर्माण गरेका हुन् । नेपाल र भारतको सीमानामा हुने चोरी निकासी, हत्या, हिंसाको घटना लगायत समसामयिक राजनीतिलाई आधार बनाएर निर्माण गरिएको चलचित्र 'संरक्षण'ले मधेशका जिल्लामा भन्दा काठमाडौं र पहाडी जिल्लाहरूमा धेरै व्यापार गरेको झाको दाबी छ । उनी थप्छन्-'पहाड र हिमालका दर्शकले मधेशको जनजीवन बुझ्न खोजेको मैले पाएको छु त्यसको माध्यम चलचित्र नै हो ।' उनी अहिले 'चौका दाऊ'को निर्माणमा जुटेका छन् ।
पहिलेको दाँजोमा मधेशको विषयमा सकारात्मक चलचित्र बन्न थालेको छ भने मधेशी कलाकारहरूले पनि सकारात्मक भूमिका पाउन थालेका छन् । तर, त्यसलाई काठमाडौंलगायत पहाडका दर्शकले स्वीकारी सकेको अवस्था भने छैन । उनीहरूमा 'मधेश र मधेशी भनेको तल्लोस्तरको काम गर्ने' मानसिकता अझै व्याप्त छ । मधेशीहरू काला नै हुन्छन् भनेर पहिले जसरी भूमिका दिइने गरिन्थ्यो, त्यसैको प्रभाव अहिले रहिरहेको छ तर अहिले त्यस्ता भूमिकामा क्रमशः परिवर्तन आउँदै छ । साइकलमा तरकारी बेच्दै हिंड्ने मधेशीको भूमिकामा परिवर्तन भई अब तरकारी उत्पादन कसरी गर्ने भन्नेमा पुगेको छ भने मधेशमा विकृतिको रूपमा रहेको दाइजो प्रथाको विषयलाई लिएर र त्यसलाई हटाउनु पर्छ भन्ने विषयमा चलचित्र निर्माण हुन थालेका छन् । मधेशी पात्रलाई विशेष भूमिका दिएर चलचित्र निर्माण हुनु सकारात्मक पक्ष हो । अब नेपाली चलचित्र क्षेत्रमा यस्तो समय आओस् जसले मधेशी कलाकारको भूमिकालाई प्रधानता दिएर चलचित्रको माध्यमबाट एकताको सूत्रमा सबैलाई बाँध्न सकियोस् ।

## दुर्व्यवहार गर्नेलाई कारबाही गर्न माग

काठमाडौं । जिल्ला वन कार्यालय रामेछापका वन अधिकृत रामविचारी ठाकुरमाथि अभद्र व्यवहार गर्दै जबरजस्ती कार्यकक्षमा थुनेको भन्दै वन कर्मचारीहरूले दोषीमाथि कारबाही गर्न माग गरेका छन् । महोत्तरीको बर्दिवासका खयर ठेकेदार रूप नारायण गौतमको नेतृत्वमा आएका व्यक्तिहरूले मंगलबार रामेछाप जिल्लाका वन अधिकृत ठाकुरमाथि दुर्व्यवहार गरेका छन् । ठेकेदार रूपनारायण गौतमले व्यक्तिगत लाभका लागि वन अधिकृत ठाकुर विरूद्ध भ्रामक समाचार सम्प्रेषण गराई भ्रामक प्रचार गरेको वन कर्मचारीहरूले आरोप लगाएका छन् । २३ जना वन कर्मचारीहरूले संयुक्त रूपमा एक विज्ञप्ति जारी गरी यस्तो कार्य गराउने र गर्नेलाई कारबाही गर्न सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराएको छ ।

# भोजपुरी साहित्यकार सम्मानित



काठमाडौं । १०औं विश्व भोजपुरी सम्मेलन भारतको राजधानी नयाँ दिल्लीको द्वारका सेक्टर ८ मा सम्पन्न भएको छ । यस सम्मेलनको उद्घाटन भारत लोकसभाकी पूर्वअध्यक्ष मीरा कुमारीले गरेकी थिइन् । यस सम्मेलनमा भोजपुरी साहित्यको इतिहास र वर्तमान स्थितिको बारेमा विस्तृत चर्चा परिचर्चा भएको थियो । कविता पाठ र भोजपुरी लोक गीतहरूको पनि मंचन भयो । सम्मेलनमा द पब्लिक सम्पादक वीणा सिन्हाले पनि आफ्नो मन्तव्य राखेकी थिइन् । विश्व सम्मेलनमा विश्वभरीमा भोजपुरी साहित्यको क्षेत्रमा सक्रिय विद्धान साहित्यकारहरूको सम्मान भएको थियो । जसमा भोजपुरी महिला साहित्यकार वीणा सिन्हालाई पनि विशिष्ट अतिथि, कवि र साहित्यकारको रूपमा सम्मानपत्र र दोसल्ला दिएर मॉरीसस भोजपुरी स्पीकिंग यूनियनकी अध्यक्ष सरिता बुद्ध र पूर्वाञ्चल एकता मञ्चका अध्यक्ष र सम्मेलनको आयोजक शिवजी सिंह र भारतको भोजपुरी विद्धानहरूले सम्मान गरेका थिए । साथै सोही कार्यक्रममा साहित्यकार गोपाल अश्कलाई समेत सम्मान गरिएको थियो । विश्वमा भोजपुरी मॉरीसस, गुआवा, त्रिनिदादको दोस्रो भाषा र नेपालमा तेस्रो भाषाका रूपमा संविधानमा स्थान पाउन सफल भएको छ । सम्मेलनमा भारत, नेपाल, मॉरीसस फिजी, गुआवा त्रिनिदाद सहित अन्य देशहरूका भोजपुरी साहित्यकारहरूको तथा भारतका सांसद् साहित्यकार र विद्धानहरूको ठूलो उपस्थिति थियो । यस विश्व भोजपुरी सम्मेलन पूर्वाञ्चल एकता मञ्चले विगत १० वर्ष देखि नयाँ दिल्ली, भारतमा आयोजना गर्दै आएको छ ।

# भारतीय युवाहरूको टोली स्वदेश फिर्ता

काठमाडौं । नेपाल भ्रमणमा आएको ३७ सदस्यीय भारतीय युवाहरूको टोली स्वदेश फर्केको छ । भारतीय युवाहरूको टोली स्वदेश फर्किनु अघि नेपालस्थित भारतीय दुतावासले अन्तरक्रिया गरेको छ । युवाहरूको टोलीले नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालयको निमन्त्रणमा अप्रिल ४ देखि ११ सम्म नेपालको भ्रमण गरेको थियो । युवा आदानप्रदान कार्यक्रमअन्तर्गत दुवै देशबीच सन् २०१४ मै हस्ताक्षर भएको थियो । टोलीमा भारतका प्रतिष्ठित शैक्षिक संस्थाहरूबाट युवाहरूको प्रतिनिधित्व रहेको थियो । एक साता लामो नेपाल बसाईमा भारतीय युवाहरूले राष्ट्रिय युवा परिषद नेपाल, नेपाल टुरिज्म बोर्ड, च्याम्बर अफ कमर्स (युवा विभाग) सँग अन्तरक्रिया गरेका थिए । भ्रमण टोलीलाई नेपाल सरकारका युवा तथा खेलकुद मन्त्रीले विदाई भोजको आयोजना समेत गरेका थिए । नेपालको तर्फबाट यस प्रकारको पहिलो भ्रमण तत्कालीन खेलकुदमन्त्री पुरूषोत्तम पौडेलको नेतृत्वमा सन् २०१५ मा भएको थियो ।

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**भरतकुमार साह**
सांसद, नेपाली कांग्रेस

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**सत्यनारायण मण्डल**
उपाध्यक्ष, राजपा नेपाल

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**जयकुमार राई**
सांसद, नेकपा एमाले

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**राजकुमार सिन्धी**
अध्यक्ष, नेपाल-भारत मैत्री संघ परिवार
केन्द्रीय कार्यालय, काठमाडौं

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**उमाकान्त चौधरी**
सांसद, नेपाली कांग्रेस

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**निर्जला राउत**
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रानी मण्डल**
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**प्रमोद कुमार यादव**
सांसद, नेपाली कांग्रेस

नयाॅ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**दुलारी देवी खंग खत्वे**
सांसद, राजपा नेपाल




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं